# फौजदारी कसुर तथा देवानी कारोबारसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा विचार तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी प्रावधान

## एक समीक्षा

तारानाथ दाहाल
अधिवक्ता सन्तोषबाबु सिग्देल
अधिवक्ता सञ्जीव घिमिरे
अधिवक्ता अस्मिता पोखरेल

**भूमिका**

नेपाल सरकारद्वारा फौजदारी कसुर तथा देवानी कारोबारसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संसद्मा दर्ता भई विचाराधीन अवस्थामा छ । यसमा विविध विषयसँगै अभिव्यक्ति स्वतन्त्रतासँग प्रत्यक्ष जोडिएका विषयहरूसमेत समावेश छन् । यसै सन्दर्भमा फ्रिडम फोरमको विज्ञ समूहद्वारा नेपालको संविधानमा व्यवस्था गरिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार, उक्त अधिकारका सीमाहरू तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको कसीमा रही फौजदारी तथा देवानी संहिता विधेयकमा समावेश सम्बद्ध प्रावधानहरूको समीक्षा र विश्लेषण गरिएको छ । सो विधेयकमा समेट्नुपर्ने विषयबारे थप सुझावसमेत पेस गरिएको छ ।

यो समीक्षा तथा यसमा प्रस्तुत सुझावले संसद्मा विचाराधीन रहेको फौजदारी तथा देवानी संहिता विधेयकलाई नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी नेपालको संवैधानिक प्रावधान तथा सोसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाई विद्यमान त्रुटि सच्याउन मद्दत पुग्ने आशा राखिएको छ । यस विधेयकमा अभिव्यक्ति स्वतन्त्रतासँग सम्बद्ध प्रावधानको समीक्षा गर्ने समूहमा संलग्न सम्पूर्ण सहकर्मी साथीहरू तथा यसलाई फलिभूत बनाउन सहयोग गर्ने यूएसएडको सहयोगमा FHI360 द्वारा सञ्चालित **पारस्पारिक जवाफदेहिता कार्यक्रम**लाई विशेष धन्यवाद दिन चाहन्छौं । त्यसैगरी विशेषतः देवानी संहिता विधेयकको समीक्षा गर्न सहयोग गर्ने ***फ्री प्रेस अनलिमिटेड***प्रति आभार प्रकट गर्न चाहन्छौं ।

नागरिकको वाक तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चिता गर्ने दिशामा यो दस्तावेजले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएका छौं ।

**तारानाथ दाहाल**

**प्रमुख कार्यकारी**

# फौजदारी कसुरसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी प्रावधान

## एक समीक्षा

## फौजदारी कसुरसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी प्रावधान

### १) पृष्ठभूमि

नेपाल सरकारले फौजदारी कसुरसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न एक विधेयक मस्यौदा गरेको छ र हाल उक्त विधेयक संसद्मा दर्ता भई विचाराधीन अवस्थामा रहेको छ । **फौजदारी कसुरसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक** को प्रस्तावनामा उक्त विधेयक मुलुकमा कानुन तथा व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न, विभिन्न धार्मिक तथा सांस्कृतिक समुदाय बीचको सुसम्बन्ध तथा शान्ति कायम गर्न, फौजदारी कसुर निवारण र नियन्त्रण गर्न र तत्सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गरी समयानुकूल फौजदारी कसुरसम्बन्धी संहिताको व्यवस्था गर्न बाञ्छनीय भएकाले तर्जुमा गरिएको उल्लेख छ ।

यस समीक्षापत्रको उद्देश्य उक्त विधेयकमा रहेका प्रावधानहरू नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारसँग कुन हदसम्म सम्बन्धित छन् र संविधानमा व्यवस्था गरिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रता (धारा १७ (२)(क)) अन्तर्गत तोकिएका सीमाको अधिनमा छन् वा छैनन् भन्ने बारेमा अध्ययन र विश्लेषण गर्नु हो । यसभित्र अभिव्यक्ति स्वतन्त्रताअधिकारसँग सम्बन्धित सञ्चारसम्बन्धी हक (धारा १९) र सूचनाको हक (धारा २७) अन्तर्गत तोकिएका सीमाका बारेमा पनि यस अध्ययनमा विश्लेषण गरिएको छ ।

यस पत्रमा नेपालको संविधानमा व्यवस्था गरिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकार, उक्त अधिकारका सीमाहरू, अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको चर्चा गर्दै फौजदारी संहितामा व्यवस्था गरिएको सम्बद्ध प्रावधानहरूको संवैधानिक सीमाका आधारमा विश्लेषण गरिएको छ ।

### २.क) संविधानमा विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकारः

नेपालको संविधानको धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । धारा १७ (२) (क) मा प्रत्येक नागरिकलाई "विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने" उल्लेख गर्दै प्रतिबन्धनात्मक वाक्यांशमा त्यस्तो अधिकार भएता पनि त्यस व्यवस्थाले "*नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय एकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गालीबेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन*" भनी उल्लेख गरिएको छ ।

२.ख) संविधानमा आम सञ्चारसम्बन्धी हक :

नेपालको संविधान धारा १९ मा आम सञ्चारसम्बन्धी देहाय बमोजिमको हकको व्यवस्था गरिएको छ ।

*(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।*

*तर, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।*

*(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।*

*तर, यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।*

*(३) कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।*

२.ग) संविधानमा सूचनाको हक :

संविधानको धारा २७ मा सूचनाको हक प्रत्याभूत गरिएको छ । उक्त धाराको अनुसार “प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर,कानुनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।”

३) संविधानमा व्यवस्था गरिएका सीमाहरू :

| सूचनाको हकका सीमाहरू | सञ्चारसम्बन्धी हकका सीमाहरू | विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकारका सीमाहरू |
|---|---|---|
| ● कानुनबमोजिम गोप्य | ● *सार्वभौमसत्ता,* | ● *सार्वभौमसत्ता* |

| | | |
|---|---|---|
| राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य नपारिने | ● *भौगोलिक अखण्डता,*<br>● *राष्ट्रियता*<br>● *संघीय एकाइबीचको सु-सम्बन्ध खलल पार्ने*<br>● *विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने,*<br>● *राज्यद्रोह,*<br>● *गाली बेइज्जती*<br>● *अदालतको अवहेलना*<br>● *अपराध गर्न दुरुत्साहन*<br>● *सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य*<br>● *श्रमप्रति अवहेलना*<br>● *जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्य* | ● *भौगोलिक अखण्डता,*<br>● *राष्ट्रियता*<br>● *स्वाधीनता*<br>● *संघीय एकाइ बीचको सु-सम्बन्धमा खलल पर्ने,*<br>● *विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने,*<br>● *जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने,*<br>● *श्रमप्रति अवहेलना गर्ने,*<br>● *गालीबेइज्जती,*<br>● *अदालतको अवहेलना,*<br>● *अपराध गर्न दुरुत्साहन*<br>● *सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्य* |

*माथि उल्लेखितसंविधानले व्यवस्था गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता उपरको सीमा वा बन्देज लगाइन सक्ने आधारहरू अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्डमा व्यवस्था गरिएका आधारहरूभन्दा ज्यादै व्यापक, अस्पष्ट र कम गम्भीर प्रकृतिका देखिन्छन् । अन्तर्राष्ट्रिय मापदण्डहरूमा व्यवस्था गरिएको विचार तथा अभिव्यक्ति उपरका सीमाहरू र त्यस्ता सीमाहरूको बैधताको परीक्षणसम्बन्धमा तलको खण्डमा चर्चा गरिएको छ ।*

## ४) अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

अभिव्यक्ति स्वतन्त्रताको अधिकारले मानव अधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरूको सुरुवाति विकासक्रम देखिनै सबै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूमा महत्वपूर्ण स्थान ओगट्दै आएको छ । त्यसमा पनि विशेषगरी मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र १९६६, मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५०, मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि १९६९, मानवअधिकार तथा मानिसहरूको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१ आदिले यस अधिकारलाई महत्वपूर्ण स्थान प्रदान गरेका छन् ।

### ४.क)मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा १० डिसेम्बर, १९४८ मा पारित यो घोषणापत्र अभिव्यक्ति

स्वतन्त्रताकाका सम्बन्धमा अवलम्बन गरिएको पहिलो औपचारिक अन्तर्राष्ट्रिय दस्तावेज हो । मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई मानवअधिकारको अन्तर्राष्ट्रिय आलेख (*International Bill of Human Rights*)पनि भन्ने गरिन्छ । संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा पारित यो घोषणापत्र मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि संयुक्त राष्ट्र संघको एक महत्वपूर्ण उपलब्धिका रूपमा रहेको छ ।

घोषणापत्रले मानव अधिकारका आधारभूत मापदण्डका रूपमा अभिव्यक्ति स्वतन्त्रतालाई समेटेको छ । जसअन्तर्गत प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार प्रकट गर्ने, आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना कुनै माध्यमद्वारा बिनाबन्देज प्रसार गर्ने स्वतन्त्रता हुन्छ ।

घोषणापत्रको धारा १९ को व्यवस्थाअनुसार,

> 'प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ, यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र बिना रोकतोक, कुनै भौगोलिक सीमानाको अधिनमा नरही जुनसुकै सञ्चारमाध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकारसमेत समावेश छ ।'

यसरी धारा १९ मा गरिएको यस व्यवस्थाले विचारको स्वतन्त्रता, सूचनाको हकको स्वतन्त्रता र प्रसारणको स्वतन्त्रतालाई समेट्छ । ..................................

### ४.ख) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा गरिएको व्यवस्था पनि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा रहेको व्यवस्था सरह नै रहेको छ । विचार, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता प्रत्याभूति गर्ने सम्बन्धमा यो दस्तावेजको निकै ठूलो महत्व राख्छ । यस अनुबन्धको धारा १९ ले गरेको व्यवस्थाअनुसार,

- प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ ।
- प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत बिनाकुनै बन्देज वा सीमा आफूले चाहेको सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसारण गर्न पाउने स्वतन्त्रता हुनेछ ।

अनुबन्धले अभिव्यक्ति स्वतन्त्रताको अधिकारहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरू समावेश हुने व्यवस्थासमेत गरेको छ । त्यस्तो कर्तव्य तथा उत्तरदायित्वअन्र्तगत उल्लेखित अधिकारमा नियन्त्रण गर्न सकिने व्यवस्था पनि अनुबन्धले गरेको छ । अनुबन्धको धारा १९(३) मा त्यस्ता नियन्त्रणहरूकानुनद्वारा स्पष्ट रूपमा व्यवस्था गरिएको र अरूको अधिकार वा प्रतिष्ठाको सम्मानका लागि वा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि आवश्यक ठानिएको समयमा मात्र लागू हुनसक्छ भन्ने व्यवस्था गरिएको छ ।

२०११ को संयुक्त राष्ट्रसंघ मानव अधिकार समितिले उपरोक्त अनुबन्ध उपरको सामान्य टिप्पणी संख्या ३४मा विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचनाको अधिकार लगायतका अधिकारहरूको व्याख्या गरी यसलाई थप सुदृढ बनाएको छ। यसमा नियन्त्रणको व्यवस्था भएतापनिप्राप्त अधिकारलाई नै धरापमा

पार्ने गरी नियन्त्रण हुनुहुँदैन भनि  जोड दिइएको छ। अधिकार र  सो उपरको नियन्त्रणको सम्बन्ध प्रष्ट हुनुपर्छ र मापदण्ड र अपवाद पनि सोही किसिमको हुनुपर्छ भनी निर्देशनसमेत दिएको छ।

### ४.ग) अभिव्यक्ति स्वतन्त्रताविरुद्ध लगाइन सकिने बन्देजसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

अभिव्यक्ति स्वतन्त्रता अधिकारको अन्तर्राष्ट्रिय मापदण्डहरूको अध्ययनले सिद्धान्ततः अभिव्यक्ति स्वतन्त्रताको अधिकारले व्यक्तिहरूकाबीच सूचना तथा विचार आदान-प्रदानसँग सम्बन्धित कुनै पनि कार्यमा राज्यको हस्तक्षेपविरुद्ध  सुरक्षा प्रदान गर्ने कुरा स्पष्ट भइसकेको छ । तथापि, अन्तर्राष्ट्रिय कानुनले अभिव्यक्ति स्वतन्त्रताको अधिकार निरपेक्ष वा पूर्ण अधिकार भने होइन भन्ने कुरा स्वीकार गर्छ ।

सामान्यतयाः अभिव्यक्ति स्वतन्त्रताको उपयोगसँग सम्बन्धित अधिकांश क्रियाकलापहरू हानिरहित नै हुन्छन् तर 'सूचना तथा विचारको खोजी, प्राप्ति, र प्रवाहअन्तर्गत समाजलाई हानी गर्न सक्ने किसिमका क्रियाकलापहरू पनि पर्न सक्छन् । यस्ता कार्यको उदाहरणमा कसैको हत्याका लागि गरिएको दुरुत्साहन वा बालबालिकाहरूलाई अश्लील सामग्रीको बिक्री आदि पर्न सक्छ । अन्य व्यक्ति तथा सामाजिक हितमा असर पार्ने त्यस्ता किसिमका अभिव्यक्तिहरूमा आवश्यकताको हदअनुसार बन्देज लगाउन सकिने कुरा अन्तर्राष्ट्रिय कानुनले स्वीकार गरेको छ । अन्तर्राष्ट्रिय संयन्त्रहरूमा त्यस प्रकारको बन्देज लगाउन सकिने आधार र अवस्थाका बारेमा स्पष्ट रूपमा उल्लेख गरिएको छ, त्यस प्रकारको आधार वा अवस्था भए नभएको बारेमा परीक्षण गरिनुपर्ने पनि उल्लेख गरेको छ ।

### ४.घ) अभिव्यक्ति स्वतन्त्रताविरुद्धको बन्देजको बैधता जाँचः तीनखण्डे परीक्षण

अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूले यस अधिकारविरुद्धको हस्तक्षेपलाई निकै गम्भीर रूपमा लिँदै त्यस्तो कुनै हस्तक्षेपलाई निश्चित कठोर सर्तहरू पूरा गरिएका अवस्थामा मात्र अनुमति प्रदान गरेका छन् । अन्तर्राष्ट्रिय मापदण्डअनुसार अभिव्यक्ति स्वतन्त्रताको अधिकार नियम हो भने त्यसविरुद्धका सीमाहरू अपवाद हुन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १९(३) ले अभिव्यक्ति स्वतन्त्रताविरुद्धको बन्देजको बैधानिकता जाँच्नका लागि परीक्षणको व्यवस्था गरेको छ । धारा १९(३) को व्यवस्थाअनुसार,

> यस धाराको परिच्छेद दुईमा व्यवस्था गरिएको अधिकारहरूको उपयोग सँगसँगै विशेष कर्तव्य र दायित्व पर्छन् । तसर्थ यस अधिकारमा केही नियन्त्रण हुन सक्नेछ, तर त्यस्तो नियन्त्रण कानुनले व्यवस्था गरेका तथा निम्नलिखित हितको संरक्षणका लागि आवश्यक परेको अवस्थामा मात्रै लागू हुनेछ ।
> (क) अरूको अधिकार तथा प्रतिष्ठाको सम्मानका लागि ।
> (ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था वा सार्वजनिक स्वास्थ वा नैतिकताका लागि ।

अन्य प्रमुख मानव अधिकार संयन्त्रहरूमा पनि समान रूपमा व्यवस्था गरिएको यस परीक्षण विधिमा तीनवटा खण्ड रहेको हुनाले यसलाई तिनखण्डे परीक्षणका रूपमा लिइन्छ । तीनखण्डे परीक्षणको पहिलो खण्डअन्तर्गत अभिव्यक्ति स्वतन्त्रतामाथिको त्यस्तो कुनै हस्तक्षेप कानुन अनुकूल हुनुपर्छ । यहाँकानुन

अनुकूल हुनुपर्छ भन्नुको अर्थ कानुनमा व्यवस्थाभएअनुरूप हुनुपर्छ, र त्यस्तो कानुन आफैंमा पनि न्यायिक (*Just Law*) हुनुपर्छ भन्ने हो । त्यसैगरी, दोस्रो खण्डअनुसार त्यसरी कानुनी रूपमा लगाइएको प्रतिबन्धको उद्देश्य अन्तर्राष्ट्रिय कानुनअन्तर्गत बैध मानिएको कुनै निश्चित उद्देश्यको संरक्षण वा सम्बर्द्धन गर्ने हुनुपर्छ र अन्तिम शर्तअन्तर्गत लागू गरिएको त्यस्तो कुनै प्रतिबन्ध बैध उद्देश्यको संरक्षण र सम्बर्द्धनका लागि *आवश्यक* हुनुपर्छ । अभिव्यक्ति स्वतन्त्रतामा प्रत्यक्ष  एवं अप्रत्यक्ष रूपमा बन्देज लगाउने कुनै पनि कानुन वा कदमले उल्लेखित परीक्षणको कुनै एक खण्ड मात्र पनि पालन गर्न नसकेमा त्यस्तो कानुन वा कदम अवैधानिक हुन्छ ।

### ४.ङ) परीक्षणको पहिलो खण्ड :त्यस्तो बन्देजको व्यवस्था कानुनमा नै गरिएको हुनुपर्ने

अभिव्यक्ति स्वतन्त्रताविरुद्धको बन्देजको बैधानिकतासम्बन्धी पहिलो परीक्षण अथवा शर्त भनेको त्यस्तो कुनै हस्तक्षेपसम्बन्धी व्यवस्था कानुनमा स्पष्ट रूपमा उल्लेख भएको हुनुपर्छ भन्ने हो । कानुन लागू गर्ने सरकारी अधिकारीको स्वेच्छामा त्यस्तो बन्देज लागू हुन सक्दैन, बन्देजका लागि सो समयमा लागू रहेको कुनै कानुन वा नियम हुनै पर्छ भन्ने यो प्रावधान निकै महत्वपूर्ण छ ।

'कानुनमा व्यवस्था गरिएको' भन्ने शर्तको अर्थ बन्देजसम्बन्धी नियम लिखित रूपमा हुनुपर्छ भन्नमात्र खोजिएको होइन । त्यस्तो कुनै कानुन स्पष्ट र निश्चित हुन आवश्यक हुनुका साथै कस्तो किसिमको व्यवहार/कसुरको परिणाम के हुन्छ भन्ने कुरा पनि नागरिकहरूलाई स्पष्ट रूपमा थाहा हुने किसिमको हुनुपर्छ । अस्पष्ट शब्दहरू प्रयोग गरिएका, सो कानुन लागू हुने क्षेत्र अस्पष्ट भएका कानुनले ती मापदण्ड पूरा गर्दैनन् र परिणामस्वरूप कुनै पनि त्यस्ता कानुनहरू अभिव्यक्ति स्वतन्त्रताविरुद्धका गैरकानुनी बन्देज हुन् । उदाहरणका लागि 'समाजमा झगडाको बीउ छर्न', 'राज्यको झुटो चित्रण गर्ने' कार्यमा लगाइएको बन्देजहरू अस्पष्टताका कारण पहिलो खण्डको परीक्षणमा असफल हुन्छन् ।

### ४.च) परीक्षणको दोस्रो खण्ड : बन्देजको व्यवस्था बैध कानुनी उद्देश्यपूर्तिका लागि

अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देजको दोस्रो आवश्यक तत्व भनेको त्यस्ता प्रतिबन्धले बैध कानुनी उद्देश्य पूरा गर्नुपर्छ भन्ने हो । त्यस्ता बैध कानुनी उद्देश्यहरू के-के हुन् भन्ने कुरा अभिव्यक्ति स्वतन्त्रताका अन्तर्राष्ट्रिय मापदण्डहरूमा स्पष्ट रूपमा उल्लेख भएका छन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९(३) को परिच्छेद (क) र (ख) मा त्यस्ता बैध उद्देश्यहरू उल्लेख गर्दै अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देजलाई सीमित पार्न खोजिएको छ । साथै महत्वपूर्ण कुरा के हो भने बन्देजका लागि आवश्यक त्यस्ता कानुनी उद्देश्यको सूचीमा सरकारले मनलागि परिवर्तन वा थपघट गर्न पाउँदैन् । सो अनुबन्धमा उल्लेखित बैध उद्देश्यअन्तर्गत अरूको अधिकार तथा प्रतिष्ठाको सम्मान, र राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था वा सार्वजनिक स्वास्थ वा नैतिकताका लागि मात्र अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउन सकिन्छ ।

### ४.छ) परीक्षणको तेस्रो खण्ड : त्यस्तो बन्देज लगाउन आवश्यक नै हुनुपर्ने

परीक्षणको तेस्रो खण्डलाई सामान्य रूपमा हेर्दा स्वंयसिद्ध तथ्य जस्तो देखिन्छ । यस खण्डको परीक्षणअनुसार यदि त्यस्तो बन्देज साँच्चै आवश्यक छैन भने पहिलो र दोस्रो खण्डअनुरूप त्यस्तो

बन्देज बैध उद्देश्य संरक्षणका लागि साँच्चै नै आवश्यक होइन भने कानुनअनुरूप र बैध उद्देश्य पूरा गर्ने किसिमको नै भए पनि परीक्षणको तेस्रो खण्डअनुरूप हुन सक्दैन र त्यसले अभिव्यक्ति स्वतन्त्रताका उल्लंघन गर्छ । अन्तर्राष्ट्रिय मानव अधिकार अदालतहरूले अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक बन्देज लगाइएको भनी निर्णय दिएका अधिकांश मुद्दाहरूमा निर्णयको आधार त्यो सम्बन्धित कानुन आवश्यक रहेको नदेखिनु थियो । यसो हुनुको एक महत्वपूर्ण कारण अन्तर्राष्ट्रिय अदालतहरूले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने कुनै पनि कानुन वा व्यवहारका सन्दर्भमा 'आवश्यकता' भन्ने शब्दलाई ग्रहण गर्दा विभिन्न गुणहरूले सम्पन्न हुनुपर्ने मान्नु हो ।

कुनै बन्देज 'आवश्यक' हुनका लागि अभिव्यक्ति स्वतन्त्रतामाथिको त्यस्तो बन्देज सामाजिक आवश्यकता सम्बोधन गर्ने खालको, अभिव्यक्ति स्वतन्त्रतामाथिको उपलब्ध बन्देजहरूमध्ये थोरै हानी पुऱ्याउने खालको, अभिव्यक्ति स्वतन्त्रतामा कमसेकम हस्तक्षेप गर्ने खालको हुनुपर्छ ।

### ५) फौजदारी संहिता र विचार तथा अभिव्यक्ति स्वतन्त्रता

फौजदारी कसुरसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (फौजदारी संहिता विधेयक) मा व्यवस्था गरिएका, विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकारमा प्रभाव पार्न सक्ने प्रावधानहरूको यस खण्डमा विवेचना गरिएको छ ।

### ५. क) राष्ट्रिय सुरक्षा (***National Security***)

संहिताको परिच्छेद १ (दफा ४८-५६) *(हाल ४९–५९)* मा राज्य विरुद्धको कसुरको व्यवस्था गरिएको छ । यी दफाहरूमा गरिएका व्यवस्था संविधानमा अभिव्यक्ति स्वतन्त्रताको सीमाका रूपमा उल्लेख गरिएको ***नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता*** *आदि*सँग सम्बन्धित छन् ।

संहिताको दफा ४८ *(हाल ४९)* मा **सार्वभौमसत्ता वा अखण्डताउपर खलल गर्न नहुने** भन्ने व्यवस्था गरिएको छ । विधेयकमा गरिएको व्यवस्थाअनुसार,

> *(१) कसैले नेपालको सार्वभौमसत्ता, प्रादेशिक अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले हातहतियार खरखजाना जम्मा गर्न, हातहतियारसहित सैनिक वा अर्धसैनिक संगठन निर्माण गर्न वा सो गर्ने उद्योग गर्न वा सैनिक वा अर्धसैनिक संगठन निर्माण गरी कुनै किसिमको अव्यवस्था उत्पन्न गर्न वा त्यस्तो गर्ने उद्योग गर्न वा गराउनु हुँदैन ।*
>
> *(२) कसैले नेपालको सार्वभौमसत्ता, प्रादेशिक अखण्डता वा राष्ट्रिय एकतामा खलल पर्न सक्ने गरी कुनै विदेशी राज्य, सरकार वा **संगठित शक्ति**सँग मिली कुनै प्रकारको षड्यन्त्र गर्न वा गराउनु हुँदैन ।*
>
> *(३) कसैले नेपालको सार्वभौमसत्ता वा प्रादेशिक अखण्डता वा **राष्ट्रिय एकता**मा खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक वा **यस्तै अरू कुनै आधारमा** घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्न गराउन वा सो गर्ने उद्योग गर्न वा दुरुत्साहन दिन*

*वा त्यसको षड्यन्त्र गर्न वा विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुसम्बन्ध खलल गर्न वा गराउनु हुँदैन ।*

माथि गरिएको व्यवस्था प्रथम दृष्टिमा संविधानमा व्यवस्था गरिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाइन सक्ने आधार अर्थात् धारा १७ (१)(क)(१) अनुरूप नै रहेको देखिए तापनि यस प्रावधानले संविधानले व्यवस्था गरेको उक्त बन्देजलाई ज्यादै व्यापक बनाएको छ । यसका साथै अन्तर्राष्ट्रिय कानुनअन्तर्गत विचार अभिव्यक्ति स्वतन्त्रता र राष्ट्रिय सुरक्षालाई कसरी हेरिएको छ भन्ने विश्लेषण गरिनु पनि आवश्यक छ ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकार निरपेक्ष अधिकार होइन । राष्ट्रको सार्वभौमसत्ता, प्रादेशिक अखण्डता वा सार्वभौमसत्ताको सन्दर्भमा यसमा बन्देज लगाउन सकिन्छ । अन्तर्राष्ट्रिय कानुनअनुसार पनि राष्ट्रिय सुरक्षालाई आधारमानी अभिव्यक्ति स्वतन्त्रता माथि बन्देज लगाइने व्यवस्था छ । तर, राष्ट्रिय सुरक्षाको आधारमा कस्तो अवस्थामा बन्देज लगाउन सकिन्छ भन्ने बारेमा भएका व्याख्याहरूलाई पनि अध्ययन गर्न आवश्यक हुन्छ ।

सन् १९८५ मा संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्ले अंगिकार गरेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको सीमासम्बन्धी सिराकुस सिद्धान्तले अनुबन्धमा व्यवस्था गरिएको सीमाहरूलाई उक्त अनुबन्धले व्यवस्था गरेका अधिकारको मर्ममा दखल पर्ने गरी व्याख्या गर्न नहुने उल्लेख गरेको छ । सोही सिराकुस सिद्धान्तले राष्ट्रिय सुरक्षासम्बन्धी सिमा "स्थानीय स्तरको वा कानुन तथा शान्ति सुरक्षाउपरको एकाध खतरालाई रोक्नका लागि राष्ट्रिय सुरक्षासम्बन्धी सीमा प्रयोग गर्न नहुने" र राष्ट्रिय सुरक्षालाई अभिव्यक्ति स्वतन्त्रता उपरको अस्पष्ट र स्वेच्छाचारी प्रतिबन्धको आधारका रूपमा प्रयोग गर्न नपाइने, र त्यस्ता प्रतिबन्धको दुरूपयोगको अवस्थामा पर्याप्त रूपमा बचाउ र प्रभावकारी उपचारको व्यवस्था भएको अवस्थामा मात्र लागू गर्न सकिने उल्लेख गरेको छ ।

सोही सिद्धान्तमा गरिएको व्यवस्थाअनुसार निश्चित अधिकारहरूमा प्रतिबन्ध लगाउनका लागि राष्ट्रिय सुरक्षाको आधार त्यस्तो अवस्थामा मात्र प्रयोग गर्न सकिन्छ जब राष्ट्र वा त्यस्तो भौगोलिक अखण्डता वा राजनैतिक स्वतन्त्रताविरुद्ध खतराको आशंका हुन्छ ।

संयुक्त राष्ट्र संघको मानव अधिकार समितिले जारी गरेको क्रमसंख्या ३४ को सामान्य टिप्पणी (*General Comment No. 34*) ले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा १९ को व्याख्या गर्दै राष्ट्रिय सुरक्षासँग सम्बन्धित महत्वपूर्ण विश्लेषण गरेको छ । उक्त सामान्य टिप्पणीका अनुसार, राष्ट्रिय सुरक्षामा हानी नगर्ने सार्वजनिक चासोका बैध सार्वजनिक सूचनाहरू दबाउन वा लुकाउन वा पत्रकार, अनुसन्धानकर्ता, वातावरण अभियनकर्ताहरू, मानवअधिकार रक्षकहरू वा अन्य व्यक्तिहरूलाई त्यस्ता सूचना प्रवाह गरेका कारण अभियोजन गर्नका लागि राष्ट्रिय सुरक्षासम्बन्धीकानुन प्रयोग गरिएमा त्यस्तो कार्य धारा १९ को परिच्छेद ३ विपरीत हुन्छ ।

नेपालको संविधान, अन्तर्राष्ट्रिय कानुन तथा सिद्धान्तहरूका आधारमा विधेयकमा गरिएको व्यवस्थाहरूलाई हेर्दा विधेयकमा गरिएको राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था व्यापक, अस्पष्ट रहेको र यसको व्याख्याले नागरिक अधिकारमा अनावश्यक सीमा लगाउन सक्ने देखिन्छ ।

दफा ४८(२) *(हाल ४९(२))* मा उल्लेख गरिएको संगठित शक्ति भन्नाले कस्ता खालका संस्थालाई जनाउँछ भन्ने स्पष्ट छैन । राष्ट्रिय तथा अन्य देशका कानुनअन्तर्गत स्थापित कुनै संगठन, निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू पनि संगठित शक्ति हुन वा होइनन् भन्ने स्पष्ट छैन । यस प्रावधानको गलत व्याख्या हुन गएमा मानव अधिकार, लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता जस्ता विश्वव्यापी मुद्दामा जनाइने सरोकारसमेत षड्यन्त्रका रूपमा हेरिन सक्छ । मानव अधिकारको विषयमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा गरिने अध्ययन, अनुसन्धान, विश्लेषण जस्ता कार्यहरूलाई राष्ट्रिय सुरक्षा विरुद्धको षड्यन्त्रका रूपमा व्याख्या गरिन सक्ने सम्भावना रहन्छ । साथै, यस्तो किसिमको अस्पष्ट र व्यापक प्रावधानले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित पार्दै स्वनियन्त्रण(*Self-Censorship*) लाई बढाउने सम्भावना प्रबल हुन्छ ।

यसका साथै, दफा ४८ को उपदफा ३, *(हाल ४९(३))* ले संविधानले दिएको सीमाभन्दा बाहिर गएर अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउन खोजको छ । उक्त उपदफामा प्रयोग गरिएको "राष्ट्रिय एकता" भन्ने शब्दावली संविधानको धारा १७(१)(क)(१) मा उल्लेख गरिएको प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख छैन । कानुन कार्यान्वयनका क्रममा भोलि अधिकारीहरूले जुनसुकै अभिव्यक्तिले "राष्ट्रिय एकता"मा असर पारेको भनी अभिव्यक्तिमा रोक लगाउन सक्छन् । राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा भिन्न भिन्न विषयहरू हुन । सिराकुस सिद्धान्तका अनुसार पनि राष्ट्रिय सुरक्षासम्बन्धी प्रावधान **राष्ट्र वा त्यस्तो भौगोलिक अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध खतरा वा खतराको आशंकाको अवस्थामा मात्र** लागू गर्न सकिन्छ ।

दफा ४८ को उपदफा ३, *(हाल ४९(४))* *"........वा यस्तै अरू कुनै आधारमा"* भन्ने वाक्यांश रहेको छ । यस्तो वाक्यांशले कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई असीमित व्याख्याको अधिकार प्रदान गर्छ र कानुनको दुरुपयोग हुनसक्ने सम्भावनालाई व्यापक बनाउँछ ।

त्यसै गरी संहिताको दफा ४९, *(हाल ५०)* मा **राजद्रोहसम्बन्धी व्यवस्था** गरिएको छ ।

> *(१) नेपाल सरकार वा संवैधानिक संरचनालाई पल्टाउने नियतले कसैले सैनिक, अर्धसैनिक वा आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी कुनै अव्यवस्था उत्पन्न गर्न वा हातहतियारसहित सैनिक वा अर्धसैनिक संगठन निर्माण गर्न वा सो गर्ने षड्यन्त्र वा उद्योग गर्न वा गराउन वा दुरुत्साहन दिन हुँदैन ।*
>
> *(२) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई जन्म कैद वा १५ वर्षसम्म कैद हुनेछ ।*
>
> *(३) नेपाल सरकार वा नेपाल सरकारको काम कारबाहीको सम्बन्धमा कसैले लेखेर, वचनले, आकार वा चिह्नद्वारा वा अरू कुनै किसिमबाट निराधार वा अप्रमाणित कुरा देखाई नेपाल सरकारप्रति घृणा, द्वेष वा अवहेलना गर्न वा गराउन वा सो गर्ने उद्योग गर्न गराउन हुँदैन ।*
>
> *तर, यस उपदफामा लेखिएको कुनै कुराले नेपाल सरकारको **स्वस्थ र मर्यादित** आलोचना गरेकोलाई कसुर गरेको मानिने छैन ।*

यस दफामा गरिएका व्यवस्थाहरू राज्यविरुद्धको अपराध र सजाय ऐनमा गरिएको व्यवस्थाअनुरूप रहेका छन् । राज्यविरुद्धको अपराध र सजाय ऐनको दफा ४(३) मा “नेपाल सरकारको आलोचना गरेकोलाई यो उपदफाअन्तर्गत अपराध गरेको मानिने छैन” भन्ने व्यवस्था रहेकोमा हालको संहितामा “*नेपाल सरकारको **स्वस्थ र मर्यादित** आलोचना* ” भनी उल्लेख गरिएको छ । यस्तो प्रावधानले फेरि पनि स्वनियन्त्रणको अवस्था सिर्जना गर्छ र कुनै पनि सरकारको कुनै पनि आलोचनालाई अधिकारीहरूले राजद्रोहका रूपमा चित्रण गर्दै कानुनको दुरूपयोग हुन सक्ने अवस्था सिर्जना हुन्छ ।

साथै, राज्यविरुद्धको अपराध र सजाय ऐन र यस विधेयकमा गरिएको सजायको व्यवस्थामा भिन्नता रहेको छ । संहिताको विधेयकमा यस संहिताले कुन-कुन कानुनलाई खारेज गर्नेछ भन्ने उल्लेख नभएका कारण यो संहिता कार्यान्वयनमा आउँदा उक्त ऐन कायमै रहन्छ वा रहँदैन भन्ने स्पष्ट छैन । यस्तो अवस्थामा एकै कसुरका लागि ऐनमा रहेको सजाय र संहितामा व्यवस्था गरिएको सजायमा एकरूपता हुनु उपयुक्त हुन्छ ।

## ५.ख) अश्लीलता (***Obscenity***)

नेपालमा अश्लीलतालाई व्याख्यागर्ने छुट्टै ऐन कानुनको ब्यवस्था नभएकाले कसैले अश्लीलता प्रकट हुने गरी अपराध गरेमा कुन ऐन/कानुनअन्तर्गत कारबाही गर्नुपर्ने हो भन्ने कुरामा विवाद उठ्न सक्छ । अश्लीलता नितान्त रूपमा नैतिकता तथा संस्कृतिसँग सरोकार राख्ने विषय भएकाले यसबारे भिन्न व्यक्तिको भिन्न धारणा हुने गर्छ । संयुक्त राष्ट्रसंघ मानव अधिकार समितिका अनुसार नैतिकता लागू गर्ने कुनै साझा मानक छैन ।
फौजदारी संहिता विधेयकले अभिव्यक्ति स्वतन्त्रताको बैध बन्देजका रूपमा मानिएको अश्लीलतासम्बन्धी केही प्रावधानको व्यवस्था गरेको छ । यद्यपि अन्तर्राष्ट्रिय कानुन र मापदण्डलाई हेर्ने हो भने अभिव्यक्ति स्वतन्त्रताको अधिकारले सकारात्मक रूपमा स्वीकार गरिने विचार, सूचना वा जानकारीहरूको मात्र संरक्षण नगरी स्तब्ध, दुखित वा चिन्तित बनाउने खालका जानकारी वा विचारसमेतलाई संरक्षण प्रदान गरेको छ ।
यसैअनुरूप अभिव्यक्ति स्वतन्त्रताको अधिकारले केही व्यक्तिलाई नराम्रो लाग्नसक्ने यौनजन्य सामग्रीहरूलाई पनि सिद्धान्ततःसंरक्षण प्रदान गर्छ । यस्तो भए तापनि, अन्तर्राष्ट्रिय कानुनले सार्वजनिक नैतिकताका लागि अभिव्यक्ति स्वतन्त्रतालाई अंकुश लगाउने राज्यको अधिकारलाई मान्यता दिएको छ र यस्तो अंकुश लगाउने कार्य अन्य अवस्थामा सरह नै तीन खण्डे परीक्षण अनुरूप हुनुपर्छ ।

कस्ता प्रकारका सामग्रीहरूलाई सार्वजनिक नैतिकतामा नकारात्मक असर गर्न सक्ने भनी बन्देज लगाउन सकिने भन्ने छलफलमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अदालतहरूले समान रूपमा बृहत् उदार दृष्टिकोण अपनाएका छन्, र नैतिकताको प्रश्न राष्ट्रिय तथा स्थानीय संस्कार तथा परम्पराहरूसँग नजिकबाट जोडिएको हुन्छ भन्ने कुरा स्वीकारेका छन्। संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिका अनुसार, सार्वजनिक नैतिकतामा व्यापक विविधता हुन्छ र त्यसको कुनै विश्वव्यापी साझा मापदण्ड छैन ।[1]

[1]Hertzberg et al v Finland, Communication 61/1979, UN Doc CCPr/C/15/D/61/1079 (19820, para10.3

यसो भए तापनि नैतिकता संरक्षणका लागिराज्यहरूलाई प्रदान गरिएको स्वविवेकाधिकार असीमित भने छैन । उदाहरणका लागि, यौनजन्य सामग्रीहरू यदि परिपक्क दर्शकहरूका लागि मात्र लक्षित र उपलब्ध छ भने राज्यहरूले त्यसलाई रोक्न खोज्नहुन्न। सन् १९९३ को एउटा निर्णयमा, मानव अधिकारसम्बन्धी युरोपेली आयोगले समलिंगी दर्शकहरूका लागि यौनउतेजक चलचित्र बेच्ने व्यापारीलाई अभिव्यक्ति स्वतन्त्रताको उल्लंघनमा सजाय दिएको कुराको भर्त्सना गऱ्यो । एउटा महत्वपूर्ण तथ्य यो थियो कि ती चलचित्रहरू सूचीकृत नगरिएका यौनजन्य पसलहरूबाट बेचिन्थ्यो र व्यवहारमा वयस्क, र त्यस्ता चलचित्र खोजिरहेका दर्शकका लागि मात्र उपलब्ध थियो । त्यसैकारण अदालतका अनुसार विक्रेतालाई सजाय गर्नु सार्वजनिक नैतिकताको संरक्षण लागि आवश्यक थिएन।

संहितामा यससँग सम्बन्धित रहेका व्यवस्थाहरू यसप्रकार छन्

*११९. (हाल १२१)* ***अश्लील किताब, पर्चा इत्यादि बनाउन वा बिक्री गर्न नहुने :***

*(१) कसैले सार्वजनिक अश्लील किताब, पर्चा बनाउने लगायतका देहायको कुनै काम गर्न हुँदैन*

*(क) शारीरिक कामोत्तेजना बढाउने वा काम वासनामा आशक्त गराउने वा चरित्रहीन बनाउने कुनै अश्लील किताब, पर्चा, रेखाचित्र, चलचित्र, तस्बिर, रेकर्ड वा अरू कुनै वस्तु बनाउन, मुद्रण गर्न वा प्रकाशित गर्न वा विद्युतीय सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न,*

*(ख) त्यस्तो अश्लील वस्तु खरिद बिक्री वा वितरण गर्न वा भाडामा दिन वा सर्वसाधारणलाई देखाउन वा सो गर्ने नियतले आफ्ना साथमा राख्न,*

*(ग) कुनै व्यक्तिबाट त्यस्तो अश्लील वस्तु यसप्रकार प्राप्त हुनसक्छ भनी विज्ञापन दिन,*

*(घ) त्यस्तो अश्लील वस्तु बिक्री वितरण गर्ने उद्देश्यले निकासी पैठारी गर्न वा आफूसँग बोक्न,*

*(२) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।*

*(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वैज्ञानिक, शैक्षिक, कलात्मक, साहित्यिक, अनुसन्धानमूलक, ज्ञानवर्द्धक महत्व वा अभिरुचिको वा धार्मिक प्रयोजनका लागि राखिएको वा बनाइएको कुनै कृतिको हकमा यस दफाको व्यवस्था लागू हुने छैन।*

अन्तर्राष्ट्रिय अभ्यासहरूलाई हेर्ने हो भने विभिन्न देशहरूले अश्लील साहित्य र बाल अश्लील साहित्य *Child Pornography)* का बारेमा भिन्दाभिन्दै प्रावधानहरूको व्यवस्था गरिएको देखिन्छ । बास्तवमा*(Child Pornography)* अभिव्यक्ति स्वतन्त्रता उपरको विश्वव्यापी बन्देजको निर्विकल्प विषय हो । हानीका आधारमा पनि यो अन्य अश्लील सामग्रीभन्दा गम्भीर सामग्री हो । तथापि संहितामा व्यवस्था गरिएका प्रावधानहरू यस सम्बन्धमा मौन रहेको देखिन्छ । साथै, संहिताको प्रावधानहरूलाई हेर्दा अश्लील सामग्री व्यक्तिगत रूपमा उपयोग गर्न सकिने देखिन्छ । यसलाई थप स्पष्ट बनाउन जरुरी छ । त्यसैगरी उपदफा ३ मा धार्मिक प्रयोजन भन्ने शब्दको विकल्पमा सांस्कृतिक प्रयोजन भन्ने शब्द राख्नु उपयुक्त हुने देखिन्छ ।

५.ग) गोपनियता***(Privacy)***

फौजदारी संहिताको दफा २९१-३०२ (*हाल २९३–३०४*) मा गोपनियता विरुद्धको कसुरको व्यवस्था गरिएको छ । हरेक व्यक्तिलाई आफ्नो निजी मामिलामा कसैको जबर्जस्ती हस्तक्षेपबाट निश्चित हदसम्म प्रतिरोध गर्ने अधिकार भएको कुरालाई अन्तर्राष्ट्रिय कानुनमा गोपनियताको अधिकारअन्तर्गत मान्यता दिइएको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा व्यवस्था गरिएको गोपनियताको हक प्राथमिक रूपमा अधिकारीहरूप्रति निर्देशित छ, उदाहरणका लागि, स्पष्ट कारणको अभावमा सार्वजनिक अधिकारीहरूले घरको खानतलासी लिन कसैको पत्राचारमा व्यवधान उत्पन्न गर्न वा निजी तथ्यलाई सार्वजनिक गर्न सक्दैनन्।

परिभाषात्मक रूपमा गोपनियताको कानुनले अर्को मानव अधिकार अर्थात निजी जीवनको अधिकारको पक्षमा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई सीमित गर्नेतर्फ संकेत गर्छ । यी दुई अधिकारमध्ये कुनै पनि एकअर्कामा ठूलो वा सानो भन्ने छैनन् र कुन चाहिँले प्राथमिकता पाउँछ भन्ने कुरा मुद्दाको परिस्थितिमा निर्भर गर्छ ।

फौजदारी संहितामा व्यवस्था गरिएका प्रावधानहरूमध्ये निम्नलिखित प्रावधानहरूको विवेचना गरिएको छ।

> *२९१.(हाल २९३)* ***अर्काको कुरा सुन्न वा ध्वनि अंकन गर्न नहुने*** *(१) कसैले दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बीचमा भएका कुनै कुरा अधिकार प्राप्त अधिकारीको अनुमतिले वा त्यसरी कुरा गर्ने व्यक्तिहरूको मन्जुरी बिना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्तो कुराको ध्वनि अंकन गर्न हुँदैन ।*
>
> *२९३.(हाल २९५)* ***अनुमति बिना कुनै व्यक्तिको तस्बिर खिच्न नहुने :*** *(१) कसैले कुनै व्यक्तिको अनुमति बिना निजको तस्बिर खिच्न वा निजको तस्बिरसँग अरू कसैको तस्बिर राखी अर्को तस्बिर बनाउन वा एकको तस्बिरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी तस्बिर बनाउन वा प्रकाशन गर्न गराउन हुँदैन ।*
> *तर, कसैले कुनै सार्वजनिक स्थानको तस्बिर खिच्दा सो स्थानमा रहेको कुनै व्यक्ति समेतको तस्बिर खिचिन गएको रहेछ भने यस दफाबमोजिम कसुर गरेको मानिने छैन।*
>
> *२९७ (हाल २९७)* ***चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने :*** *(१) अधिकार प्राप्त अधिकारी वा सम्बन्धित व्यक्तिको अनुमति बिना कसैको चिठ्ठी खोल्न वा अरूले टेलिफोनमा गरेको कुरा कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर बीचमा सुन्न वा ध्वनि अंकन गर्न हुँदैन ।*

माथि व्यवस्था गरिएको प्रथम दृष्टिमा सकारात्मक देखिए तापनि अपर्याप्त देखिन्छ । यी दुवै प्रावधानमा अधिकारप्राप्त अधिकारीको अनुमतिले ***अर्काको कुरा सुन्न वा ध्वनि अंकन गर्न वा चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न***हुने भन्ने व्यवस्था गरिएको छ । सामान्यतया गोपनियताको अधिकार

सार्वजनिक अधिकारीहरू विरुद्धको नागरिकको अधिकार हो । त्यसैकारण यस्तो व्यवस्था गर्दा नागरिक अधिकार रक्षाका लागि पर्याप्त बचाउ र सुरक्षणको व्यवस्था गरिनु अत्यावश्यक हुन्छ । टेलिफोन वार्तालाप ध्वनि अंकन गर्ने कार्य वा टेलिफोनमा गरेको कुराकानी सुन्ने कार्यले गोपनियताको अधिकारका साथसाथै अभिव्यक्ति स्वतन्त्रतामा समेत प्रभाव पार्ने हुन्छ ।
तसर्थ यस्तो अधिकार दिने कानुनले प्रक्रियाका बारेमा पनि स्पष्ट रूपमा उल्लेख गरेको हुनुपर्छ । अधिकारप्राप्त अधिकारी भनेको को हो ? त्यस्तो अधिकारीले कुन प्रक्रियाअन्तर्गत अनुमति दिने हो? त्यस्तो अनुमति दिने आधारहरूके-के हुन सक्छन् ? ती आधारहरू पनि न्यायिक, उपयुक्त र स्वच्छ हुन जरुरी हुन्छ । तसर्थ नागरिकको गोपनियताको अधिकारमा बन्देज लगाउने सारवान कानुन मात्र संविधानअनुरूप हुनुपर्ने नभई त्यस्तो सारवान प्रावधान लागू गरिने कार्यविधिसमेत संविधानसम्मत हुनुपर्ने हुन्छ । यस्तो स्पष्ट व्यवस्था नभई नागरिकको संवैधानिक हकमा बन्देज लगाउने कानुनी प्रावधान बनाइनुहुँदैन ।
साथै यस प्रावधानमा त्यसरी संकलन गरिएको ध्वनि अंकनमा कस-कसको पहुँच हुने, कहिलेसम्म राखिने, कसको नियन्त्रणमा राखिने, कहिले नष्ट गरिने भन्ने पनि कानुनमा नै व्यवस्था गरिएको हुनुपर्छ।

यस प्रावधानलाई थप व्यवस्थित बनाउन र सकारात्मक रूपमा कार्यान्वयनमा ल्याउनका लागि यससम्बन्धी उपर्युक्त कार्यविधि निर्धारण हुन आवश्यक छ। त्यसैगरी नेपालमा हाल तथ्य संरक्षण *(data protection)*सम्वन्धि छुट्टै कानुनको व्यवस्था नभएको कारणले गर्दा कानुनी रूपमा लिइएको सूचनाको पनि गलत प्रयोग हुनसक्छ र यसले गोपनियता माथि पनि खतरा निम्त्याउन सक्छ।

नेपालको सर्वोच्च अदालतले बाबुराम अर्याल तथा अन्यविरुद्ध नेपाल सरकारको मुद्दामा “अपराध अनुसन्धानको नाममा संकित व्यक्तिको गतिविधि हेर्ने नाममा सबैको गतिविधि र गोपनियता उदांगो बनाउनु पनि हुँदैन”भन्दै गरेको निर्णयलाई पनि ध्यान दिइनु जरुरी छ । यसै मुद्दाको सम्बन्धमा गैरकानुनी रूपले सूचना माग गर्दा दिएमा वा प्राप्त गरेमा हुन सक्ने सजाय र मुद्दा चलाउने धारा २८ कार्यान्वयनको दृष्टिले अनिवार्य देखिन आएको र त्यस्तो स्पष्ट व्यवस्थाको अभावमा व्यक्तिको गोपनियता सूचनाहरूमा कसैको पनि अनाधिकार वा गैरकानुनी पहुँच प्राप्त हुन नसक्ने कुरालाई ध्यानमा राखी त्यसको सर्वसम्मानता विपरीतको कार्य नगर्न नगराउन र त्यसको रोकथामका लागि जो चाहिने व्यवस्था गर्नु भनी परमादेश जारी भैसकेको कुरालाई समेत ख्याल गर्न जरुरी छ ।

त्यसैगरी *अनुमति बिना कुनै व्यक्तिको तस्बिर खिच्न नहुने* भन्ने प्रावधानको हकमा सन् १९९४ मा बेलायत राष्ट्रिय पत्रकार युनियनले स्वीकार आचारसंहितामा पनि गोपनियतासम्बन्धी कुराहरू उल्लेख गरिएको छ । सोमा सूचना, तस्बिर र रेखाचित्रहरूको प्रस्तुति सीधा एवं स्पष्टताको माध्यमबाट प्रस्तुत गर्नुपर्ने कुरा उल्लेख छ । जनचासोको विषयलाई जोडदार प्रस्तुत गर्ने नाममा पत्रकारले अरूलाई व्यक्तिगत दुःख र पीडा हुने कुरा गर्नु नहुने, हरेक पत्रकारले सूचनाको गोप्य स्रोतलाई संरक्षण गर्नुपर्ने लगायतका कुराहरू सो आचारसंहितामा उल्लेख गरिएको छ । यस दफाअनुसार अनुमति बिना तस्बिर खिच्न मनाही गरिएको छ । तर, कुनै गलत काम कुरालाई पर्दाफास (*expose*) गर्नका लागि र खोजी पत्रकारिताका लागि खिचिएमा पनि कसुर मान्ने हो वा होइन भन्ने कुरा यस विधेयकमा प्रष्ट पार्न जरुरी छ ।
मिडियाले प्रशारण गर्ने सामाग्रीविरुद्ध व्यक्तिगत अधिकार *(Media content VS Personal Right),*मिडिया स्वन्त्रताविरुद्ध स्वतन्त्रता (*Media Freedom vs Privacy*)को कुरामा कसरी सीमा *(*

*limitation* ) तयार गर्ने भन्ने प्रसंगमा सन् १९९४ मा बेलायत राष्ट्रिय पत्रकार युनियनले स्वीकार गरेको आचारसंहितामा पनि गोपनियतासम्बन्धी कुराहरू उल्लेख गरिएको छ। सोमा सूचना, तस्बिर र रेखाचित्रहरूको प्रस्तुति सीधा एवं स्पष्टताको माध्यमबाट प्रस्तुत गर्नुपर्ने कुरा उल्लेख छ। जनचासोको विषयलाई जोडदार प्रस्तुत गर्ने नाममा पत्रकारले अरूलाई व्यक्तिगत दुःख र पीडा हुने कुरा गर्न नहुने, हरेक पत्रकारले सूचनाको गोप्य स्रोतलाई संरक्षण गर्नुपर्ने लगायतका कुराहरू सो आचारसंहितामा उल्लेख गरिएको छ । त्यसैले यस विधेयकमा पनि तस्बिर र रेखाचित्रहरूको प्रस्तुति सीधा एवं स्पष्टताको माध्यमबाट प्रस्तुत गरेमा अनुमति बिना खिचेमा पनि फौजदारी कसुर नलाग्ने भनी व्यवस्था हुन जरुरी छ।

## ५.घ) गालीबेइज्जती ***(Defamation)***

हरेक राष्ट्रले आफ्ना नागरिकहरूलाई गालीबेइज्जतीपूर्ण अभिव्यक्तिविरुद्ध अर्थात्, वैयक्तिक प्रतिष्ठा उपरको अनुपयुक्त लिखित वा मौखिक आक्रमणविरुद्ध सुरक्षा प्रदान गर्छन् । गालीबेइज्जतीको कानुनले वस्तुतः बैध उद्देश्यलाई सहयोग गर्छ भन्ने कुरामा सामान्य विवाद छ, यद्यपि अन्तर्राष्ट्रिय कानुनअन्तर्गत रहेको तीनखण्डे परीक्षणले अर्काको अधिकार वा प्रतिष्ठाको रक्षालाई अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्धका लागि वैध आधारका रूपमा मान्यता दिएको छ।

धेरै देशहरूमा गालीबेइज्जतीको कानुन ज्यादै फराकिलो रहेको र आक्रामक ढंगमा त्यसको प्रयोग गरिएको पाइन्छ जसबाट प्रजातन्त्रको आधारका रूपमा रहेको खुला छलफलमा नै गम्भीर बाधा उत्पन्न हुने गरेको छ । सार्वजनिक व्यक्तित्व तथा राजनीतिक निकायहरूले पटक-पटक आलोचक पत्रकार र विपक्षी राजनेताहरूमाथि उनीहरूलाई प्रत्यक्ष रूपमा कानुनी माध्यमबाटै चुप लगाउने उद्देश्यले फौजदारी एवं देवानी मानहानीको मद्दा लगाइएको पाइन्छ । यस्ता मद्दाहरू असफल भएकै अवस्थामा पनि त्यसबाट पर्ने आर्थिक तथा मानसिक व्ययभारका कारण प्रतिवादी तथा अन्यलाई उनीहरूको खुला आलोचनात्मक हैसियतबाट पछाडि सर्न बाध्य बनाउँछन् । जसको फलस्वरूप कुशासन र भ्रष्टाचारका मुद्दाहरूमा चुनौती दिने र सच्याउने प्रयासहरूमा कमी आउँछ ।

गालीबेइज्जती कानुनसँग सम्बद्ध केही अन्तर्राष्ट्रिय मापदण्डहरू निर्माण गरिएका छन् जसको उद्देश्य अभिव्यक्तिको स्वतन्त्रतालाई अनावश्यक हानी नपुऱ्याइकन प्रतिष्ठालाई पर्याप्त मात्रामा जोगाउने कार्य सुनिश्चित गर्नु हो ।

संहिताको (दफा ३०३- ३०५) *(हाल ३०५-३०८)* मा गालीबेइज्जतीसम्बन्धी कसुर व्यवस्था गरिएको छ ।

*३०३. (हाल -३०५)गाली गर्न नहुने :*

*(१) कसैले कसैलाई गाली गर्न हुँदैन ।*

*(२) उपदफा (१) को प्रयोजनका लागि कसैले कसैलाई होच्याउने नियतले बोली वा बचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानिनेछ ।*

*(३) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।*

३०४.(हाल -३०६) बेइज्जती गर्न नहुने :

(१) कसैले कसैको बेइज्जती गर्न हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहायबमोजिमको काम गरेमा निजले बेइज्जती गरेको मानिनेछ :-

(क) अरूको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्न सक्छ भन्ने जानीजानी वा विश्वास गर्ने मनासिव कारण भई लेखेर, आचरण वा आकार वा चिह्न वा प्रचार( प्रसारद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सो व्यक्तिलाई अरूको दृष्टिमा निजको व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने गरी चरित्र हत्या गरेमा वा निजको शरीर सामान्यतः घृणित अवस्थामा छ भन्ने अरूलाई विश्वास पर्ने गरी दोष लगाएमा वा त्यस्तो दोष लगाएको कुरा प्रचार-प्रसार वा प्रकाशन गरेमा वा कसैको बेइज्जती हुने साधनको रूपमा प्रयोग गरिएको कुनै चिज जानीजानी बिक्री वा वितरण गरेमा,

(ख) मृतकलाई कुनै आक्षेप लगाइएकोमा सो आक्षेप लगाउँदाका बखत निज जीवित रहेको भए निजको इज्जतमा धक्का पुग्ने रहेछ भन्ने जानीजानी निजको परिवार वा नजिकको अन्य नातेदारहरूको भावनामा चोट पुऱ्याउने नियतले कुनै आक्षेप लगाएकोमा,

**(ग) व्यंग्य गरी वा अरू कुनै घुमाउरो तवरले कुनै आक्षेप लगाएमा ।**

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कामलाई बेइज्जती मानिने छैन :

(क) सर्वसाधारणको हितको लागि प्रमाण र आधारसहित कुनै व्यक्तिसँग सम्बन्धित साँचो कुरा प्रकाशन वा प्रशारण गर्नु,

(ख) कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको कर्तव्य पालना गर्दा निजको आचरणलाई लिएर वा सो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले मर्यादित ढंगबाट कुनै कुरा प्रकाशन गर्नु,

(ग) कुनै व्यक्तिको सार्वजनिक पद वा ओहोदाको महत्वसँग सम्बन्ध राख्ने आचरण र सो आचरणबाट बुझिनेसम्मको निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,

(घ) कुनै कुरा गर्ने व्यक्तिले सर्वसाधारणको रायका लागि सो कुरा पेस गरेकोमा सो कुराको गुण वा दोषलाई लिएर वा सो हदशम्म मात्र सो कुरा गर्ने व्यक्तिको चरित्रलाई लिएर असल नियतले मर्यादित ढंगबाट कुनै विचार प्रकट गर्नु,

(ङ) कुनै व्यक्तिको अर्को कुनै व्यक्तिउपर कानुनद्वारा वा निजसँग भएको करारद्वारा कुनै अधिकार भएकोमा निजले सो अधिकारसम्बन्धी काम कुरामा त्यस्तो व्यक्तिको आचरणमा असल नियतले कुनै खोट लगाउनु,

(च) कानुनबमोजिम कुनै कसुरको अनुसन्धान गर्नु वा सो आधारमा निजलाई कानुनबमोजिम अभियोग लगाउनु,

(छ) कसैलाई निजको हितका लागि, निजको स्वार्थ भएको व्यक्तिको हितका लागि वा सर्वसाधारणको हितका लागि अरू कुनै व्यक्तिको विरुद्ध सतर्क पार्नु ।

३०५.(हाल -३०७) बेइज्जती गरेमा हुने सजाय : (१) कसैले कसैको बेइज्जती गरेमा निजलाई

*दुई वर्षसम्म कैद वा २० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।*

*तर, विद्युतीय वा अन्य आम सञ्चारका माध्यमबाट बेइज्जती गरेमा सो सजायमा थप एक वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।*

*(२) कसैले कसैलाई बेइज्ती गरेको ठहरिएमा बेइज्जती गरिएको व्यक्तिलाई कसुरको गम्भीरता, त्यस्तो व्यक्तिको प्रतिष्ठामा पर्न गएको असर तथा विद्युतीय वा अन्य आमसञ्चारका माध्यमबाट बेइज्जती गरेको भएमा सो कुरा समेतलाई विचार गरी कसुरदारबाट मनासिवक्षतिपूर्ति र त्यस्तो व्यक्तिलाई कसुरदारबाट मुद्दामा लागेको खर्च समेत भराउनु पर्नेछ ।*

नेपालको कानुनमा गालीबेइज्जतीलाई देवानी तथा फौजदारी दुवै कसुरका रूपमा परिभाषित गरिएको छ । सञ्चारमाध्यमबाट हुने गालीबेइज्जतीलाई फौजदारी कसुरका रूपमा स्थापित गर्दा कैदलगायत गम्भीर सजाय हुनसक्ने तथा सत्ताको स्वस्थ्य आलोचना कुण्ठित हुन सक्ने हुँदा यसलाई देवानी कसुरअन्तर्गत राख्न जरुरी छ । फौजदारी गालीबेइज्जतीसम्बन्धी कानुनले सिर्जना गरेको प्रतिबन्ध अभिव्यक्तिको स्वतन्त्रतामाथि उपयुक्त प्रतिबन्ध होइन तसर्थ सञ्चारमाध्यमबाट हुने गालीबेइज्जतीलाई उपयुक्त देवानी गालीबेइज्जती कानुनले प्रतिस्थापन गर्नुपर्छ भनी अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी यूएन (UN), OSCE, OASका विशेष कार्याधिकारीहरूले उल्लेख गरेका छन् ।

विश्वका धेरैजसो देशहरूमा सञ्चारमाध्यमबाट हुने गालीबेइज्जती (*Defamation*) लाई देवानी कसुरका रूपमा व्यवस्था गर्ने क्रम बढ्दै गैरहेको छ । विचार तथा अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा कार्यरत संस्थाहरूले अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउन गालीबेइज्जती कानुनको प्रयोग भैरहेको उल्लेख गर्दै गालीबेइज्जती कानुनलाई फौजदारी कसुरका रूपमा नराखी देवानी कसुरका रूपमा व्यवस्था गर्ने तथा कैद तथा गम्भीर सजायको सट्टा क्षतिपूर्ति लगायतका व्यवस्था गर्ने सुझाव दिँदै आएका छन् । सञ्चारमाध्यमबाट हुने गालीबेइज्जतीलाई फौजदारी कसुरका रूपमा व्यवस्था गरिएमा यसले अभिव्यक्ति स्वतन्त्रता तथा प्रेस स्वतन्त्रतामा अनावश्यक बन्देजको स्थिति सिर्जना गर्न सरकारलाई स्वेच्छाचारी मौका दिने हुनाले यसलाई देवानी कसुरका रूपमा व्यवस्था गरिनु अत्यावश्यक हुन्छ ।

त्यसैगरी बेइज्जतीसम्बन्धी प्रावधानमा सजायको विषय हेर्दा विद्युतीय वा आमसञ्चारको माध्यमबाट हुने बेइज्जतीमा अरू माध्यमद्वारा भएको बेइज्जतीभन्दा थप एक वर्ष कैद र थप रु. १० हजारसम्म जरिवाना हुने कुरा उल्लेख छ । अन्य माध्यमभन्दा विद्युतीय माध्यम फरक हुने र यो माध्यमबाट हुने बेइज्जतीको प्रभाव र यसको दायरा फराकिलो हुने भएकाले यससम्बन्धी विशेष ध्यान दिइनु ठीक हो ।

### ङ) घृणायुक्त अभिव्यक्ति *(Hate speech)*

घृणायुक्त अभिव्यक्ति अर्थात राष्ट्रियता, जाति वा धर्ममा आधारित घृणाको वकालत अन्तर्राष्ट्रिय कानुनमा अभिव्यक्ति स्वतन्त्रताको सीमाको रूपमा रहेको छ । सामान्यरूपमा भन्दा, अभिव्यक्ति स्वतन्त्रताको अधिकारअन्तर्गत "दुःख प्रदान गर्ने, पीडादायी र विरक्त बनाउने किसिमका अलोकपिय्र विचार र अभिव्यक्तिसमेत पर्छन् । यति हुँदाहुँदै पनि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलगायतका धेरै मानव अधिकार सन्धिहरूले राज्यलाई घृणायुक्त अभिव्यक्तिमाथि

प्रतिबन्धलगाउने अनमुति मात्रै दिँदैनन्, तिनीहरूले त्यस्तो अभिव्यक्तिमा प्रतिबन्ध लगाउनुपर्ने कर्तव्यसमेत तोकेका छन् ।
नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले युद्धको कुनै पनि प्रचारलाई कानुनद्वारा रोक लगाइनेछ[२] र विभेद, द्वेष र हिंसातर्फ दुरुत्साहन गर्ने कुनै पनि किसिमको राष्ट्रिय, जातीय वा धार्मिक घृणाको वकालतलाई कानुनद्वारा रोक लगाइनेछ भन्ने व्यवस्था गरेको छ ।[३] त्यसैगरी घृणास्पद अभिव्यक्तिका सम्बन्धमा नेपालले सन् १९७१ मा अनुमोदन गरेको*International Convention on the Elimination of All Forms of Racial Discrimination* (CERD)पनि विशेषरूपमा महत्वपूर्ण छ । उक्त महासन्धिले राज्यपक्षले अन्य कुराहरूको अतिरिक्त जातीय उच्चता वा घृणा र जातीय भेदभावको दुरुत्साहनमा आधारित सम्पूर्ण विचार सम्प्रेषणको कार्यलाई काननुद्वारा सजाययोग्य अपराध घोषणा गर्नुपर्ने व्यवस्था गरेको छ ।

फौजदारी संहिता विधेयकको दफा ६२ *(हाल -६५)* मा सार्वजनिक शान्ति खलल पार्न नहुनेभन्ने व्यवस्था गरिएको छ । विधेयकमा गरिएको व्यवस्थाअनुसार,

> *६२.(हाल -६५) सार्वजनिक शान्ति खलल पार्न नहुने :*
>
> *(१) कसैले लेखेर, वचनले वा आकार वा चिन्हद्वारा वा अरू कुनै किसिमबाट धर्म, वर्ण, जात, जाति, सम्प्रदाय वा भाषाको आधारमा नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदायका व्यक्तिहरूका बीचको सु-सम्बन्धमा खलल पार्ने काम गर्न हुँदैन ।*
>
> *(२) उपदफा (१) बमोजिमको कसुर गर्नेलाई तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।*
>
> *(३) उपदफा (१) बमोजिमको कसुर कुनै देवस्थल वा पूजा वा प्रार्थना गर्ने ठाउँ वा धार्मिक, सांस्कृतिक चाड वा समारोह भइरहेको ठाउँमा गरेको भए उपदफा (२) बमोजिमको सजायमा थप एक वर्षसम्म कैद हुनेछ ।*

संहितामा गरिएको व्यवस्थामा संविधानमा गरिएको बन्देजको व्यवस्थालाई थप व्यापक बनाउन नयाँ आधार थपिएको छ । नेपालको संविधानमा अभिव्यक्ति स्वतन्त्रतको बन्देजमा भाषालाई आधार बनाइएको छैन तर यस प्रावधानमा भाषाको आधारमा पनि सुसम्बन्धमा खलल पार्ने काम गर्न नहुने उल्लेख छ । संवैधानिक दायराभन्दा बाहिर गएर नयाँ आधार थप्नु संविधानको मूल्य र मान्यताविरुद्धको कार्य हो। यदि यो राष्ट्रिय आवश्यकता हो भने संविधानमा नै संशोधन गरेर भाषाको आधारसमेत समावेश गर्नुपर्छ । अन्यथा संविधानले अधिकार नदिएको आधारमा अभिव्यक्तिमा रोक लगाउनु संवैधानिक हुँदैन ।

---

[2] Article 20(1), ICCPR

[3] Article 20(2), ICCPR

साथै यो प्रावधानले व्यंग्योक्ति *(caricature)*,चित्रकथा(*comics*), व्यंग्यचित्र *(cartoon)*जस्ता सकारात्मक सिर्जनायुक्त अभिव्यक्ति (*positive creation*) तथा स्वस्थ्य आलोचनालाई समेत आघात पुग्ने सम्भावना देखिन्छ ।

## ५.च) धार्मिक दुष्प्रचार (***Blasphemy***)

धेरै मुलुकहरूले द्वेषयुक्त कथनसम्बन्धी कानुनहरूमा धर्मका आधारमा तथा जात, जाति वा राष्ट्रियता जस्ता गुणहरूको आधारमा घृणा फैलाउने कार्यको दुरुत्साहनमा बन्देज लगाएका छन् । केही मुलुकहरूले योभन्दा पनि पर गएर, धर्म वा धार्मिक चिह्नहरूको अपमान गर्नमा निषेध गरेका छन्, जसलाई साधारणतया धार्मिक दुष्प्रचारविरुद्धको कानुन भनिन्छ। अभिव्यक्ति स्वतन्त्रताका पक्षधर धेरैजसोले धार्मिक दुष्प्रचारविरुद्धको कानुनलाई लोकतन्त्रमा असान्दर्भिक तथा पुष्टि गर्न नसकिन खालको मान्छन् । मानव अधिकारसम्बन्धी युरोपेली अदालतले भने राज्यहरूलाई, तीनखण्डे परीक्षणका शर्तहरू पूरा गरेर मात्र धार्मिक दुष्प्रचारविरुद्धको प्रावधानहरू लागू गर्न अनुमति दिएको छ ।

संहिताको परिच्छेद (दफा १५३ र १५४) *(हाल १५५ र १५६)* मा व्यवस्था गरिएको कसुरहरूलाई धार्मिक दुष्प्रचारसम्बन्धी कसुरका रूपमा लिन सकिन्छ । यी दफाहरूमा गरिएका व्यवस्था संविधानमा अभिव्यक्ति स्वतन्त्रताको सीमाका रूपमा उल्लेख गरिएको विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पार्ने कार्यसँग सम्बन्धित छन् ।

विधेयकमा गरिएको व्यवस्थाअनुसार,

> *१५३. (हाल १५५) धार्मिकस्थल वा पवित्र मानिएको स्थानलाई क्षति पुऱ्याउन नहुने :*
>
> *(१) कसैले कुनै जात, जाति, सम्प्रदाय वा वर्गको धार्मिक आस्था वा धर्मको घृणा गर्ने वा अपमान गर्ने नियतले वा सो हुनसक्छ भन्ने जानीजानी कुनै धार्मिक पूजा, प्रार्थना वा कर्म गर्ने स्थान वा पवित्र मानिएको कुनै स्थान, वस्तु, मसानघाट वा चिहानलाई हानि नोक्सानी वा क्षति पुऱ्याउन वा कुनै किसिमले दुषित गर्न, बिगार्न, फोहोरमैला गर्न वा यस्तै अन्य कार्य गर्नुहुँदैन ।*
>
> *१५४. (हाल १५६) धार्मिक भावनामा आघात पुऱ्याउन नहुने : (१) कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा **वा अरू कुनै किसिमबाट** कुनै जात, जाति सम्प्रदाय वा वर्गको धार्मिक भावनामा आघात पुऱ्याउन हुँदैन ।*

विधेयकको दफा १५४ मा उल्लेख गरिएको "***वा अरू कुनै किसिमबाट***" भन्ने व्यवस्थाले यस प्रावधानको व्याख्याको असीमित अधिकार कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई दिएको छ । यस प्रावधानमा कानुनमा हुनुपर्ने निश्चितता र कानुनले व्यक्तिको कार्यलाई निर्देशित गर्नसक्नु पर्ने गुणको अभाव छ । तसर्थ यस प्रावधानलाई थप स्पष्ट बनाइनु आवश्यक छ ।

## ६) निश्कर्ष र सुझाव

२०२० देखि नेपालमा सारवान तथा कार्यविधि कानुनको संहिताको रूपमा रहेको मुलुकी ऐनलाई प्रतिस्थापन गरी बदलिँदो परिस्थिति अनुरूप कानुनी व्यवस्थाको आवश्यकता पूर्ति गर्नका लागि बन्न लागेको संहिताहरूको एक भागको रूपमा रहेको यो विधेयक आफैंमा सराहनीय छ।

यस पत्रमा विधेयकमा रहेका प्रावधानहरू नेपालको संविधानले सुनिश्चित गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकारसँग कुन हदसम्म सम्बन्धित छन् र संविधानमा व्यवस्था गरिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रता (धारा १७ (२)(क)), आमसञ्चारको हक (धारा १९) र सूचनाको हक (धारा २७) अन्तर्गत तोकिएका सीमाको अधिनमा छन् वा छैनन् भन्ने बारेमा अध्ययन गरिएको छ । यसैगरी पत्रमा विधेयकमा रहेका अभिव्यक्ति स्वतन्त्रतासँग सरोकार राख्ने तथा अभिव्यक्ति स्वतन्त्रतामा प्रभाव पार्न सक्ने प्रावधानहरूलाई विभाजन गरी संवैधानिक तथा अन्तर्राष्ट्रिय कानुन तथा अभ्यासका आधारमा विश्लेषण गरिएको छ । यसरी अध्ययन र विश्लेषण गर्दा कतिपय प्रावधानहरू त्यससँग बाझिने प्रकारको रहेको देखिएको छ ।

पत्रको पहिलो भागमा विधेयकमा व्यवस्था गरिएको **राष्ट्रिय सुरक्षासँग** सम्बन्धित प्रावधानहरूको विश्लेषण गरिएको छ । राष्ट्रिय सुरक्षासँग सम्बन्धित प्रावधानहरू संविधानले व्यवस्था गरेको अभिव्यक्ति स्वतन्त्रताको बैध सीमाअन्तर्गत व्यवस्था गरिएको भएता पनि विधेयकका प्रावधानहरूव्यापक, अस्पष्ट किसिमको रहेको र यसको व्याख्याले नागरिक अधिकारमा अनावश्यक सिमा लगाउन सक्ने पाइएको छ । साथै, विधेयकको प्रावधानमा संविधानले व्यवस्था गरेको भन्दा आधारहरूभन्दा बाहिरको आधार, "राष्ट्रिय एकता" मा समेत खलल पार्न नहुने भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी, संविधानले तोकेका आधारहरूलाई थप विस्तृत बनाउँदै विधेयकले "अरू कुनै आधारमा" भन्ने वाक्यांशको प्रयोग गरी अभिव्यक्ति स्वतन्त्रता उपरको संभावित बन्देजलाई थप व्यापक बनाएको छ ।

त्यसैगरी हाल प्रचलनमा रहेका कानुनहरूलाई यस संहिताले प्रतिस्थापन गर्छ वा गर्दैन भन्ने स्पष्ट नभएको अवस्थामा यस विधेयकमा प्रस्ताव गरिएको सजाँय र प्रचलित कानुनमा रहेको सजायमा रहेको भिन्नतालाई सम्बोधन गरिनु आवश्यक देखिन्छ ।

त्यसैगरी दोस्रो भागमा **अश्लीलताको** आधारमा अभिव्यक्ति स्वतन्त्रतामाथि नियमन गर्नका लागि व्यवस्था गरिएका प्रावधानहरूलाई संवैधानिक तथा अन्तर्राष्ट्रिय कानुनको आधारमा विश्लेषण गरिएको छ र यससम्बन्धीव्यवस्थामा पनि थप स्पष्टताको आवश्यक्ता छ र साथै विधेयेकमा *Child Pornography* को बारेमा व्यवस्था नभएकोले यस सम्बन्धमा प्रावधान थप गर्न जरुरी देखिन्छ।

तेस्रो भागमा विधेयकमा व्यवस्था गरिएको**गोपनियता**सँग सम्बन्धित प्रावधानहरूको विश्लेषण गरिएको छ।जसअनुसार *अर्काको कुरा सुन्न वा ध्वनि अंकन गर्न नहुने, चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने जस्ता* व्यवस्था प्रथम दृष्टिमा सकारात्मक देखिएता पनि **अधिकारीको अनुमतिले *अर्काको कुरा सुन्न वा ध्वनि अंकन गर्न वा चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न*हुने** भन्ने व्यवस्था गरिएकाले सो व्यवस्थालाई प्रक्रिया र कायविधिको आधारमा पनि स्पस्ट बनाउन आवश्यक छ । नागरिक अधिकारमाथिको संभावित बन्देजउपर आवश्यक बचाउ र सुरक्षणको व्यवस्था आवश्यक छ।

चौथो भागमा **गालीबेइज्जती**सँग सम्बन्धी प्रावधानहरूको विश्लेषण गरिएको छ । गालीबेइज्जती सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासको विश्लेषण गर्दै गालीबेइज्जतीलाई फौजदारी कसुरका रूपमा व्यवस्था गर्दा त्यस्तो व्यवस्थाले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा नकारात्मक असर पर्ने यस खण्डमा विश्लेषण गरिएको छ । साथै उपयुक्त आधारहरूमा गालीबेइज्जतीलाई फौजदारी कसुरका रूपमा नराखी देवानी कसुरका रूपमा व्यवस्था गर्ने र गालीबेइज्जतीबाट पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्ने गरी संशोधन गर्न आवश्यक देखिएको छ ।

पाँचौं भागमा **घृणायुक्त अभिव्यक्ति**सम्बन्धी प्रावधानहको विश्लेषण छ । फौजदारी संहिता विधेयकको दफा ६२ (*हाल* ६५(१))मासंविधानमा गरिएको बन्देजको व्यवस्थालाई थप व्यापक बनाउँदै ***भाषाका आधारमा सार्वजनिक शान्ति खलल पार्न नहुने*** भन्ने व्यवस्था गरी भाषाको नयाँ आधार थप गरी संवैधानिक दायराभन्दा बाहिर गएर नयाँ आधार थप्नु संविधानको मूल्य र मान्यताविरुद्धको कार्य हो। यदि यो राष्ट्रिय आवश्यकता हो भने संविधानमा नै संशोधन गरेर भाषाको आधारसमेत समावेश गर्नुपर्छ । अन्यथा संविधानले अधिकार नदिएको आधारमा अभिव्यक्तिमा रोक लगाउने असंवैधानिक काम भएको छ ।

छैटौं भागमा **धार्मिक दुश्प्रचार**सम्बन्धी प्रावधानहरू विश्लेषण गरिएको छ र यो व्यवस्थामा पनि "अरू कुनै किसिमबाट" भन्ने वाक्यांशले विधेयकले कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई व्याख्याको असीमित अधिकार दिएको छ। तसर्थ, व्याख्याको असीमित अधिकार दिने उक्त प्राबधानमा संशोधन जरुरी छ ।

**भावी कदम तथा सुझावहरू:**

- **अभिव्यक्ति** स्वतन्त्रता, सूचनाको अधिकार, आमसञ्चार अधिकार र अन्य अधिकारसम्बन्धी प्रावधानहरूलाई संविधान, संवैधानिक सीमाको आधारमा हेर्दा केही प्रावधानहरू संवैधानिक दायराभन्दा बाहिर गई संवैधानिक मूल्य मान्यतालाई चुनौती दिन खोजेको देखिन्छ । जस्तै :
  - दफा ४८(३) *हाल ४९* मा उल्लेखित **राष्ट्रिय एकता** भन्ने शब्दावली संविधानको प्रतिबन्धात्मक प्रावधानमा उल्लेख छैन ।
  - दफा ६२(१) ( *हाल ६५(१)* मा **भाषाको** आधारमा सार्वजनिक शान्ति खलल पार्न नहुने भन्ने संविधानमै व्यवस्था नभएको प्रतिबन्धात्मक प्रावधानलाई थप आधार मानिएको छ ।
- यस विधेयकमा रहेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको अधिकार, आमसञ्चार अधिकार र अन्य अधिकारसम्बन्धी प्रावधानहरूलाई संविधान, संवैधानिक सीमा, नेपालले अनुमोदन गरेका र अन्तर्राष्ट्रिय उत्तरदायित्व रहेको अन्तर्राष्ट्रिय कानुनी संयन्त्र तथा उपयुक्त अभ्यास अनुकूल बनाउन जरुरी छ । सो गर्ने क्रममा यस विधेयकमा **बाल अश्लील साहित्य ( *Child Pronography)* लाई फौजदारी अपराध**का रूपमा राख्ने प्रावधान समावेश गर्न जरुरी छ । साथै अनुमति विना अरूको तस्बिर खिच्न नहुने भन्ने प्रावधानमा **खोजी पत्रकारिताका लागि स्थान प्रदान** गरी कसुरको रूपमा नराखी दायरा फराकिलो बनाउन पर्ने देखिन्छ ।

- सामान्य: भाषागत त्रुटिहरूले पनि संवैधानिक प्रत्याभूति गरिएका मौलिकहकहरूमा असर पर्न जाने तथा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई व्याख्याको असीमित आधार प्रदान गर्न

सक्ने हुनाले त्यस्ता त्रुटि सच्चाउन जरुरी छ। यस विधेयकमा भएका सामान्य भाषागत त्रुटिहरू औंल्याउँदा दफा ११९ (३) *(हाल १२१)* मा धार्मिक प्रयोजनको सट्टा सांस्कृतिक प्रयोजन शब्दको प्रयोग गरीनुपर्ने देखिन्छ। त्यसैगरी धेरै दफाहरूमा प्रयोग भएका शब्द र वाक्यांशले पनि व्याख्या हुँदा वा कार्यान्वयनको क्रममा यसको  दायरा फराकिलो पार्न सक्छ। जस्तैः

- दफा ४८(२) *(हाल ४९(२))* मा संगठित शक्ति भन्नाले कस्तो संस्थालाई जनाउँछ भन्ने व्यवस्था गर्न जरुरी छ।
- दफा ४८(३) *(हाल ४९(४)* मै "वा यस्तै अरु कुनै आधारमा" भन्ने वाक्यांशको प्रयोगले असीमित व्याख्याको आधार दिन्छ।
- दफा ४९(३) *(हाल ५०)* मा नेपाल सरकारको स्वास्थ र मर्यादित आलोचना गरेकोलाई कसुर नमानिने खण्डमा स्वस्थ र मर्यादित आलोचना भनेको के हो भनि व्याख्या गर्न जरुरी छ। सो व्याख्या नभएको खण्डमा कानुनको दुरुपयोग हुन सक्ने अवस्था सिर्जना हुनसक्छ।
- दफा २१९ *(हाल २९३)* मा अधिकार प्राप्त अधिकारीको अनुमतिले अर्काको कुरा सुन्ने र ध्वनि अंकन गर्ने खण्डमा अधिकार प्राप्त अधिकारीको काम कर्तव्य र ध्वनि अंकन गर्ने कार्यविधि बनाउन आवश्यक छ।
- दफा १५४ *(हाल १५६)* मा भएको वा अरू कुनै किसिमबाट भन्ने व्यवस्थाले असीमित व्याख्याको आधार दिन जान्छ।

- यस विधेयकमा कतै पनि यो विधेयकपश्चात् कुन ऐन संशोधन वा खारेज हुने हो भन्ने व्यवस्था नभएको खण्डमा यो विधेयकमा भएको प्रावधन र ऐनमा भएको प्रावधानमध्ये कुन लागू हुन्छ भन्ने कुरामा समस्या आउन सक्छ। जस्तैः
  - यस विधेयकमा रहेको राजद्रोहसम्वन्धी व्यवस्था र राज्यविरुद्धको अपराध र सजाय ऐनमा भएको व्यवस्था उस्तै किसिमको रहेको देखिन्छ। यो अवस्थामा विधेयकले अरू ऐन कानुनलाई खारेज वा संसोधन गर्ने हो वा होइन, यस विषयमा प्रष्ट पार्न जरुरी छ।
- अभिव्यक्ति स्वतन्त्रतालाई व्यापक रूपमा सम्बोधन गरेको यो विधेयक र गत साल सरकारले जारी गरेको आमसञ्चार नीतिको कार्यान्वयनका लागि सुझाव दिन बनेको समितिले यो विधेयक र आमसञ्चार नीतिबीच समन्वय छ वा छैन सो कुरा हेर्न जरुरी छ र छैन भने नीति अनुकूल संहिता बनाउन आवश्यक संशोधनको सिफारिश गर्नुपर्छ ।

- आमसञ्चार माध्यमबाट हुने गालीबेइज्जतीलाई फौजदारी कसुरका रूपमा परिभाषित गर्दा सरकारबाट सो प्राबधानको दुरूपयोग भई दमनकारी अभियोजन लगाउन सक्ने सम्भावना हुँदा सोबाट स्वतन्त्र पत्रकारीता प्रभावित हुन सक्ने भएकोले यसलाई देवानी कसुरअन्तर्गत राख्न र क्षतिपूर्तिको उचित प्रावधान सहितको सजायको व्यवस्था गर्न उपयुक्त हुन्छ । तसर्थ आमसञ्चार माध्यमबाट हुने गालीबेइज्जतीसम्बन्धी कानुनलाई देवानी कसुरअन्तर्गत राख्न जरुरी छ। फौजदारी कानुनअन्तर्गत आमसञ्चार माध्यमबाट हुने गालीबेइज्जतीसम्बन्धी सम्पूर्ण कानुनहरू खारेज गरिनुपर्छ र आवश्यक ठाउँमा उपयुक्त देवानी गालीबेइज्जतीका कानुनले त्यसलाई प्रतिस्थापन गर्नुपर्छ ।

# देवानी कानुनको संशोधन र एकीकरण गर्न बनेको विधेयकमा विचार तथा अभिव्यक्ति स्वतन्त्रता एक समीक्षा

## देवानी कानुनको संशोधन र एकीकरण गर्न बनेको विधेयकमा विचार तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी प्रावधान

### १. पृष्ठभूमि

नेपाल सरकारले प्रचलित देवानी कानुनलाई संशोधन र एकीकरण गर्न एक विधेयक मस्यौदा गरेको छ र हाल उक्त विधेयक संसद्मा दर्ता भई विचाराधीन अवस्थामा रहेको छ । **देवानी कानुनको संशोधन र एकीकरण गर्न बनेको विधेयक**को प्रस्तावनामा उक्त विधेयक नेपालमा भएको राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै मुलुकले अख्तियार गरेको खुला, उदार तथा बजारमुखी नीतिअनुरूप कानुन बनाई सर्वसाधारणको सुविधा एवं आर्थिक हित कायम राख्न तथा आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जात, जाति वा सम्प्रदायहरूबीचको सुसम्बन्ध कायम राख्नका लागि देवानी कानुनसम्बन्धी प्रचलित मुलुकी ऐन तथा अन्य कानुनमा रहेका व्यवस्थालाई संशोधन र एकीकरणसमेत गरी समयानुकूल देवानीसंहिताको व्यवस्था गर्न बाञ्छनीय भएकाले तर्जुमा गरिएको उल्लेख छ ।

यस समीक्षापत्रको उद्देश्य उक्त विधेयकमा रहेका अभिव्यक्ति स्वतन्त्रासँग सम्बन्धित हुने केही प्रावधानहरू नेपालको संविधानले सुनिश्चित गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकारसँग कुन हदसम्म सम्बन्धित छन् र संविधानमा व्यवस्था गरिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रता (धारा १७ (२)(क)) अन्तर्गत तोकिएका सीमाको अधिनमा रहेका छन् वा छैनन् भन्ने बारेमा अध्ययन र विश्लेषण गर्नु हो । अभिव्यक्ति स्वतन्त्रता अधिकारसँग सम्बन्धित सञ्चारसम्बन्धी हक (धारा १९) र सूचनाको हक (धारा २७) अन्तर्गत तोकिएका सीमाका बारेमा पनि यस अध्ययनमा चर्चा गरिएको छ । यो अध्ययन संसद्मा दर्ता गरिएको विधेयकको संस्करणमा आधारित छ ।

यस पत्रमा नेपालको संविधानमा व्यवस्था गरिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकार, उक्त अधिकारका सिमाहरू, अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको चर्चा गर्दै मुलुकी देवानी संहितामा व्यवस्था गरिएको सम्बद्ध प्रावधानहरूको संवैधानिक सीमाका आधारमा विश्लेषण गरिएको छ ।

### २.संविधानमा विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकार

नेपालको संविधानको धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । धारा १७ (२) (क) मा प्रत्येक नागरिकलाई "विचार र अभिव्यक्तिको स्वतन्त्रता हुन्" उल्लेख गर्दै प्रतिबन्धनात्मक वाक्यांशमा त्यस्तो अधिकार भए तापनि त्यस व्यवस्थाले

*"नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय एकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गालीबेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन"* भनी उल्लेख गरिएको छ ।

**३. संविधानमा सञ्चारसम्बन्धी हक** (धारा १९)

नेपालको संविधान धारा १९ मा सञ्चारसम्बन्धी देहाय बमोजिमको हकको व्यवस्था गरिएको छ ।

*(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।*

> *तर, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।*

*(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।*

> *तर, यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।*

*(३) कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।*

**४. संविधानमा सूचनाको हक** (धारा २७)

संविधानको धारा २७ मा सूचनाको हक प्रत्याभूत गरिएको छ । उक्त धाराको अनुसार “प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर, कानुनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।”

संविधानले व्यवस्था गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता उपरको सीमा वा बन्देज लगाइन सक्ने आधारहरू अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्डमा व्यवस्था गरिएका आधारहरूभन्दा ज्यादै व्यापक, अस्पष्ट र कम गम्भीर प्रकृतिका छन् र सोही कुरालाई आधार लिएर यो समीक्षा गरिएको छ ।

## ५. देवानी कानूनको संशोधन र एकीकरण गर्न बनेको विधेयकमा अभिव्यक्ति तथा सूचना स्वतन्त्रतासम्बन्धी प्रावधान

*देवानी कानुन त्यस्तो कानुन हो जुन सामान्य नागरिकदेखि उच्च ओहोदामा बसेकासम्मको चुलो र दैनिक समस्यासंग प्रतिविम्बित हुन्छ । सबै खाले कानुनको आ आफ्नै महत्व भए पनि नागरिकको दैनिकीसँग देवानी कानुनको विशेष सम्बन्ध रहन्छ । व्यक्ति जन्मदेखि मृत्युसम्म उसको सम्पत्ति, विवाह, सम्वन्धविच्छेद लगायतका विषय देवानी कानुनले सम्बोधन गर्छ । संसदमा विचाराधीन देवानी संहिता विधेयकले मुलुकी ऐनका धेरै व्यवस्थालाई परिमार्जन गर्दै नयाँ कानुनी प्रावधानको बहस जारी राखेको छ । विधायन समितिले प्रतिवेदन संसदमा पेश गर्दासम्म हालका धेरै प्रस्तावित व्यवस्था परिमार्जन हुने क्रममा छन् तर, परिमार्जन भएका विषय अन्तिम भने भइसकेका छैनन् ।*

विधेयकको भाग-१ परिच्छेद-२ मा देवानी कानुनका सामान्य सिद्धान्तका प्रावधानहरू छन् जसमध्ये दफा ८ मा गल्ती गर्नेले क्षति बेहोर्नु पर्ने भन्ने प्रावधान छ ।

***दफा ८ गल्ती गर्नेले क्षति बेहोर्नु पर्ने*** *(१) कुनै काम गर्दा वा गराउँदा कसैको गल्तीले अरूलाई हानिनोक्सानी हुन गएमा त्यसरी हानि नोक्सानी भएको क्षतिको दायित्व सो गल्ती गर्ने वा गराउने व्यक्तिले बेहोर्नु पर्नेछ.*

*(२) प्रत्येक व्यक्तिले आफूले गरेको गलत कार्यको परिणाम आफैंले बेहोर्नु पर्नेछ ।*

*(३) यस संहिता वा कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक उपदफा (१) बमोजिमको दायित्व निर्वाह गर्न सम्बन्धित व्यक्तिले क्षतिपूर्ति बेहोर्नु पर्नेछ ।*

*(४) क्षतिपूर्तिको निर्धारण कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।*

नेपालको कानुनअनुसार सूचना माग्ने क्रममा सूचना अधिकारीले सूचना नदिए सम्बन्धित निकायलाई नै जिम्मेवार ठहराइने चलन छ । तर यस प्रावधानको आगमनले सूचना प्रवाह नगरेर हुने दण्ड र जरिवानाको भागिदार निकाय नभई सम्बन्धित पदाधिकारी व्यक्तिगत रूपमा हुने गरी जसको काम हो दायित्व र जिम्मेवारी पनि उसैको हुन जान्छ । जुन सकारात्मक र आवश्यक पहल हो । यो स्वागत योग्य छ ।

त्यसैगरी अनलाइन वा अफलाइन जुनसुकै आमसञ्चार माध्यममा पनि खबर लेखेको र छापिएको खण्डमा लेख्ने, छाप्न अनुमति दिने वा प्रकाशकलाई कारबाही हुने हो भन्नेमा द्वबिधा भइरहेकोमा यस खण्डमा उल्लेखित प्रावधानले यसको निक्यौंल गर्न सहयोगी भूमिका खेल्छ । यसर्थ यो प्रावधानलाई सकारात्मक मान्न पर्छ ।

**दफा ९ : अरूलाई दुःख दिने गरी काम गर्न नहुनेः** *"कसैले पनि अन्य व्यक्तिलाई दुःख दिने, हैरानी हुने वा निजको इज्जत, प्रतिष्ठा वा सम्पत्तिमा क्षति पुग्ने गरी कुनै काम गर्न वा गराउन हुँदैन ।"*

यो प्राबधान प्रथम दृष्टिमा समाजमा शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा महत्वपूर्ण भूमिका खेल्ने देखिए तापनि यसको थप व्याख्या हुन आवश्यक छ । यस प्रावधानको परिधिभित्र सञ्चार तथा अभिव्यक्तिका माध्यमहरू पर्ने हुन् वा होइनन् भन्ने कुरा स्पष्ट हुन जरुरी छ । पत्रकारितालाई लोकतान्त्रिक राज्यको चौथो अंग मानिन्छ । अहिलेको समाजमा पत्रकारको मुख्य भुमिका सत्य तथ्यको खोजी गर्दै जनतालाई राजनीतिक, आर्थिक र सामाजिक परिवेशको जानकारी दिलाउनु पनि हो । यस क्रममा सत्य तथ्यको खोजी गर्नका लागि पत्रकारले आमसञ्चार माध्यमको प्रयोग गरी कसैका बारेमा लेख्नुपर्ने हुनसक्छ, कसैलाई सोधपुछ गर्नुपर्ने हुनसक्छ । यस्ता गतिविधिहरूलाई मध्यनजर गर्दै नागरिकको सूचनामा सहज पहुँच तथा सरकारको स्वस्थ आलोचना गर्न पाउने आधारभूत हकलाई यसले निरुत्साहित नपारोस् भन्नेप्रति पनि सजग हुन जरुरी छ । उपरोक्त प्रावधानलाई टेकेर भ्रष्टाचार तथा गलत काम गर्नेले उन्मुक्ति नपाओस् । त्यसैले स्वास्थ आलोचना गर्न पाउने नागरिक तथा आमसञ्चार माध्यमको आधारभूत हक तथा संवैधानिक प्रावधानलाई पनि ख्याल गरि  यस प्रावधानलाई थप स्पष्ट पारिनुपर्छ ।

*दफा १२ : **व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने*** व्यवस्था  छ जसअनुसार : *"प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नुपर्नेछ"*

यस प्रावधानले संविधान प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हकलाई थप प्रष्ट्याएको छ तर, फेरि यसैमा व्यक्तित्व भनेको के हो यस्को व्याख्या कसरी गर्ने भन्ने कुरा प्रष्ट हुन जरुरी छ । किनभने मनिसको सोच, विचार लवाइ, खवाइलगायत उसका खास विशेषता व्यक्तित्वको परिधि भित्र जोडिएर आउँछन् जसप्रति समान बुझाइ नहुन सक्छ । सोच र विचार व्यक्ति पिच्छे फरक-फरक हुन्छ र एकले अर्काको सोच तथा विचारप्रति मञ्जुर नहुन पनि सक्छ । प्रजातान्त्रिक समाजमा सोच र विचारको वादविवाद भएन भने समाज परिवर्तनशील रहँदैन । त्यसैले यहाँ उल्लेखित प्रावधानमा व्यक्तित्वलाई व्याख्या गर्न जरुरी छ र यदि सोच र विचार पनि व्यक्तित्वको परिधिमा पर्ने हो र अर्काको ब***्यक्तित्वलाई स्वीकार गर्नु पर्ने*** **भन्दा पनि *"व्यक्तित्वलाई सम्मान गर्नु"* पर्ने भन्ने शब्दवली राख्दा उचित हुन जान्छ ।**

**दफा २०(२) को** ***स्वतन्त्रता र अधिकार हुने*** प्रावधान अनुसार,"*कानुनको अधीनमा रही प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता र अधिकार हुनेछ :-*
*(ट) आफ्नो जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको रक्षा गर्ने वा गोप्य राख्ने ।"*

यो कानुनी व्यवस्थाले व्यक्तिको गोपनियताको हकलाई थप मजबुत बनाएको छ  तर व्यक्तिसँग सम्बन्धित तथ्यांक र चरित्रसम्बन्धी विषयको गोपनियताका बारेमा केही बोलिएको छैन । नेपालको

संविधानको धारा २८ ले गोपनियताको हक सुनिश्चित गरेको छ र सो हकमा माथि उधृत भएको अधिकारमा तथ्यांक र चरित्रसम्बन्धी गोपनियताको अधिकारलाई समेत समावेश गरी संविधान र यस विधेयकको व्यवस्थामा एकरूपता कायम गर्न आवश्यक देखिन्छ ।

*दफा २१गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने (१) कानुनबमोजिम बाहेक कसैले सम्बन्धित व्यक्तिको मञ्जुरीनलिई देहायका कुनै काम कुरा गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिनेछ :-*

*(क) कुनै व्यक्तिको वासस्थानमा प्रवेश गरेमा,*

*(ख) कसैको चिठ्ठीपत्र खोलेमा वा त्यसको प्रयोग गरेमा, टेलिफोन वा अन्य प्रविधिको माध्यमबाट भएको कुराकानी, बोली, ध्वनिको टेप वा रेकर्ड गरेमा वा सुनेमा,*

*(ग) कुनै व्यक्तिको निजी जीवनको व्यवहार, आचरणको चियो चर्चा, प्रकाशन वा प्रचार गरेमा,*

*(घ) कसैको आकृति वा तस्बिर खिचेमा,*

*(ङ) अरूको नाम, आकृति, तस्बिर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा ।*

*(२) उपदफा (१) को खण्ड (घ) र (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले साहित्यिक वा कलात्मक प्रयोजन वा सार्वजनिक हितको लागि सो खण्डहरूमा लेखिएको कुनै काम गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने छैन ।*

दफा २१(१) मा भएको *सम्बन्धित व्यक्तिको मञ्जुरी* भनी लेखिएकोमा मञ्जुरी लिखित हो वा मौखिक हो सो सम्बन्धमा थप स्पष्ट व्यवस्था गर्न आवश्यक छ । त्यसैगरी दफा २१(२) कोसम्बन्धमा सार्वजनिक हितका साथ साथै *आमसञ्चार र पत्रकारिताको माध्यमबाट सुसूचित गर्ने प्रयोजनले प्रकाशन, प्रसारण तथा प्रवर्द्धन गर्नका लागि* उक्त खण्डमा उल्लेखित कुनै पनि काम गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने छैन भन्ने प्रावधान थप गर्न आवश्यक छ ।

व्यक्तिसम्बन्धी कानुनी प्रावधानहरू रहेको विधेयकको भाग-२ मा निम्न कुरा समावेश गरिएको छ ।
**दफा ३०:** ***व्यक्तिको मान्यता पाउने*** *प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिका रूपमा मान्यता पाउनेछ र निज जीवित रहेसम्म कानुन बमोजिमको अधिकार उपभोग गर्न पाउनेछ।*

कुनै मानिस जीवित रहुन्जेलसम्म मात्रै कानुनबमोजिम अधिकार उपभोग गर्न पाउने तथा व्यक्तिको मान्यता पाउने व्यवस्था यहाँ छ । तर, मानिसको मृत्यु पछि पनि उसमा केही अधिकारहरू निहित रहन्छन् भन्ने कुरा यो प्रावधानले समेट्दैन । जस्तै मानिसको मृत्युपश्चात् पनि उसलाई झुठा आरोप लगाई गालीबेइज्जती गर्न हुँदैन भन्ने सर्वमान्य सिद्धान्तकै रूपमा स्थापित भएको छ । जस्तैः आयरल्यान्डको एउटा घटनामा *Sunday World* नामक पत्रिकामा आफनो मृत श्रीमान्को मृत्युको कारण हृदयघात नभई अत्याधिक रक्सी सेवन हो भनेर लेखिएको समाचारको खण्डन गर्दै अदालतमा मुद्दा दर्ता गरी गालीबेइज्जती भएको आधार बनाई २०,००० पाउण्ड क्षतिपूर्ति लिएको घटना सान्दर्भिक छ । त्यसैले मृत्युपछि पनि व्यक्तिमा कानुनी अधिकार निहित हुन्छ र यो प्रावधान परिमार्जित हुन जरुरी देखिन्छ ।

*दफा ५६ : साहूलाई सूचना दिने : (१) दफा ५५ बमोजिम ऋणीले दामासाहीको कारबाही प्रारम्भ गर्न निवेदन गरेकोमा अदालतले ऋणीले ऋण तिर्नुपर्ने भनी उल्लेख गरेको साहू वा साहूहरूलाई ३५ दिनको*

*म्याद सहितको सूचना दिई सोसम्बन्धी सूचना राष्ट्रियस्तरको कुनै दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्नेछ ।*
*(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा जुन व्यक्तिको जायजेथा दामासाही गर्न खोजिएको हो त्यस्तो व्यक्तिको जायजेथाउपर अरू कसैको कुनै किसिमको दाबी भए सोही उपदफामा तोकिएको म्यादभित्र सबुत प्रमाणसहित दाबी पेस गर्न आउनु भन्ने बेहोरासमेत खुलाउनु पर्नेछ ।*
*(३) उपदफा (१) वा (२) बमोजिमको म्यादभित्र पर्न आएको साहू वा साहूहरू वा अन्य कसैको दाबीलाई त्यस्तो व्यक्तिको जायजेथाविरुद्ध पर्न आएको अन्तिम दाबी मानिनेछ र सोही आधारमा निजको जायजेथाको दामासाहीसम्बन्धी कारबाही प्रारम्भ गरिनेछ ।*

***दफा ५७ : ऋणीलाई सूचना दिनुपर्ने :*** *(१) दफा ५५ बमोजिम साहू वा साहूहरूको समूहले ऋणीको जायजेथाको दामासाहीसम्बन्धी कारबाही प्रारम्भ गर्न निवेदन दिएकोमा अदालतले निजको जायजेथाउपर दामासाहीसम्बन्धी कारबाही गर्नुपर्ने हो वा होइन र नगर्नु पर्ने कुनै कारण भए सोको प्रमाणसहित अदालतमा उपस्थित हुन ३५ दिनको म्याद सहितको सूचना ऋणीलाई दिनुपर्ने छ ।*
*(२) उपदफा (१) बमोजिम ऋणीलाई सूचना दिएकोमा अन्य साहू वा दाबी कर्तालाई सो सम्बन्धमा ३५ दिनभित्र दाबी पेस गर्न आउनु भनी सूचना दिई त्यस्तो सूचना राष्ट्रियस्तरको कुनै दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्ने छ ।*
*(३) उपदफा (२) बमोजिमको अवधिभित्र दाबी पेस नगर्ने व्यक्तिको दाबी सो अवधिपछि मान्य हुने छैन ।*
*(४) उपदफा (२) बमोजिम वा दफा ५६ को उपदफा (१) बमोजिम राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गर्दा लाग्ने दस्तुर सम्बन्धित निवेदकबाट असुल गरिनेछ ।*
*(५) उपदफा (४) बमोजिम असुल गरिएको दस्तुर दामासाहीको क्रममा ऋणीबाट भराई दिन सकिनेछ ।*

यी दुवै दफा केलाएर हेर्दा दामासाहीको कारबाही प्रारम्भ गर्न निवेदन गरेकोमा अदालतले ऋणीले ऋण तिर्नुपर्ने भनी उल्लेख गरेको साहू वा साहूहरूलाई ३५ दिनको म्याद सहितको सूचना दिई सोसम्बन्धी "...*सूचना राष्ट्रस्तरको कुनै दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्ने छ...*" भन्ने प्रावधान छ । यसमा राष्ट्रियस्तरका दैनिक समाचारपत्रको व्याख्या कसरी गर्ने, के आधारमा समाचारपत्रको वर्गीकरण गरिएको हो भन्ने कुरा प्रष्ट हुनुपर्ने देखिन्छ । त्यसैगरी केन्द्र वा राजधानीमा प्रकाशित धेरै राष्ट्रिय पत्रिका देशका सबै ठाउँमा नपुग्न पनि सक्छ जसले गर्दा सम्बन्धित मानिस समयमा सूचना पाउनबाट बन्चित हुने खतरा उत्पन्न हुन्छ । त्यसैले यो दफा संशोधन गर्न जरुरी छ । जुन ठाउँमा दामासाहीको कारबाही गर्नुपर्ने हो त्यही ठाउँको समाचारपत्रमा सूचना प्रकाशित गरिनुपर्छ ।

## निश्कर्ष र सुझाव

२०२० देखि नेपालमा सारवान तथा कार्यविधि कानुनको संहिताको रूपमा रहेको मुलुकी ऐनलाई प्रतिस्थापन गरी बदलिँदो परिस्थिति अनुरूपको कानुनी व्यवस्थाको आवश्यकता पूर्ति गर्नका लागि बन्न लागेको संहिताको एक भागको रूपमा रहेको यो विधेयक आफैंमा सराहनीय छ ।
यस समीक्षापत्रमा विधेयकमा रहेका प्रावधानहरू नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकारसँग कुन हदसम्म सम्बन्धित, सान्दर्भिक तथा तादात्म्य छन् र संविधानमा व्यवस्था गरिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रता (धारा १७ (२)(क)), आमसञ्चारको हक

(धारा १९) र सूचनाको हक (धारा २७) अन्तर्गत तोकिएका सिमाको अधिनमा छन् वा छैनन् भन्ने बारेमा यो अध्ययन केन्द्रित छ। यसका निश्कर्ष तथा सुझावलाई निम्न रूपमा हेर्न सकिन्छ।

- *गल्ती गर्ने स्वयंले क्षति बेहोर्नु पर्ने* दफा ८ को प्रावधान सकारात्मक प्रावधान हो र यो प्रावधानले गर्दा आमसञ्चार माध्यममा आउने धेरै समस्याहरू पनि समाधान हुने देखिन्छ। खबर लेखेको र छापिएको खण्डमा लेख्नेलाई कारबाही हुने हो वा छाप्न अनुमति दिनेलाई भन्ने सन्दर्भमा गल्ती गर्ने स्वयंले क्षति बेहोर्नु पर्ने प्रावधानले स्पष्टता प्रदान गर्छ।
- त्यसैगरी *अरूलाई दुःख दिने गरी काम गर्न नहुने* भन्ने दफा ९ को प्रावधानलाई विचार गर्दा आमसञ्चार माध्यमका लागि हुने गतिविधि वा यसमार्फत गरिने स्वस्थ आलोचना गर्न पाउने आधारभूत मौलिक हकलाई अरूलाई दुःख दिएको संज्ञा दिन नहुने गरी फरक रूपमा व्याख्या गर्न आवश्यक देखिन्छ।
- **व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने** दफा १२ को व्यवस्थामा व्यापक अर्थ दिने व्यक्तित्व भनेको के हो यसको स्पष्ट व्याख्या हुन जरुरी छ। *व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने* भन्दा पनि *व्यक्तित्वलाई सम्मान गर्न पर्ने* भन्ने शब्दावली राख्दा उचित हुन जान्छ।

- *स्वतन्त्रता र अधिकार हुने दफा २० (२)*को प्रावधानमा संविधानको धारा २८ को व्यवस्था बमोजिम व्यक्तिसँग सम्बन्धित *तथ्यांक र चरित्र सम्बन्धी गोपनियता*को व्यवस्थालाई थपी एकरूपता दिनुपर्ने देखिन्छ।

- दफा २१ को गोपनियताको अधिकार अतिक्रमण भएको मानिने प्रावधान को उपदफा (१) मा सम्बन्धित व्यक्तिको मञ्जुरी बिना गरिएका विभिन्न कामले गोपनियताको अतिक्रमण हुने कुरा लेखिएकोमा त्यस्तो *मञ्जुरी लिखित हो वा मौखिक* सो कुरामा स्पष्टता कायम गर्न जरुरी देखिन्छ। त्यसैगरी दफा २१(२) को सम्बन्धमा सार्वजनिक हितका साथ साथै आमसञ्चार र (खोजी) पत्रकारिताको माध्यमबाट आम नागरिकलाई सुसूचित गर्ने प्रयोजनले बिना मञ्जुरी सूचना प्राप्त गर्न पर्ने, प्रकाशन तथा प्रसारण गर्नपर्ने हुनसक्छ। यसका लागि *(खोजी) पत्रकारिताको माध्यमबाट आम नागरिकलाई सुसूचित गर्ने प्रयोजनले* सो खण्डमा सूचीकृत गरिएका सम्बन्धित काम गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने छैन भन्ने प्रावधानसमेत थप गर्न जरुरी छ।
- दफा ३० मा कुनै मानिस जीवित रहुन्जेल सम्ममात्रै कानुनबमोजिम अधिकार उपभोग गर्न पाउने तथा व्यक्तिको मान्यता पाउने व्यवस्था छ। मानिसको *मृत्युपछि पनि उसमा केही अधिकारहरू निहित रहन्छन्* भन्ने कुरा यो प्रावधानले समेट्दैन। खासगरी मानिसको मृत्युपश्चात् पनि उसलाई झुठा आरोप लगाई गालीबेइज्जती गर्न हुँदैन भन्ने सर्वमान्य सिद्धान्तलाई यो प्रावधानमा समेट्न जरुरी छ।
- दफा ५६ र ५७ मा भएको *साहू तथा ऋणीलाई सूचना दिनुपर्ने* व्यवस्थामा राष्ट्रियस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशित गर्ने प्रावधानले समयमा सूचनाको पहुँचमा अवरोध सिर्जना गर्न सक्छ। यसलाई मध्यनजर गरी *जुन ठाउँमा दामासाहीको कारबाही गर्नुपर्ने हो त्यही ठाउँको समाचारपत्रमा सूचना प्रकाशित गरिनुपर्छ* भन्ने प्रावधान थप्न आवश्यक छ